CC-0. In Public Domain. Digitization by eGangotri

अभिव्यक्ति

पुर्णाङ्क : ३८

हेमन्त ऋतु अङ्क : पौष : २०६०

CC-0. In Public Domain. Digitization by eGangotri

रारा तयारी चाउ चाउ फेवा

BABA INSTANT NOODLES FEWA

उत्कृष्ट र स्वादिष्ट परिकार दुई मिनेटमै हुन्छ तैयार ।

गण्डकी नूडल्स (प्रा.) लि.

पोखरा

श्री ५ महाराजाधिराज सरकारको

३९ औं शुभ जन्मोत्सवको मंगलमय शुभ अवसरमा

नेपाल राष्ट्र बैंक परिवार

भक्तिपूर्वक

मौसूफ सरकारको सुस्वास्थ्य, समृद्धि

एवम् दीर्घायुको हार्दिक कामना गर्दछ ।

नेपाल राष्ट्र बैंक

परिवार

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाह देव सरकारको

३९ सौं शुभ जन्मत्सवको उपलक्ष्यमा

मौसूफ सरकारको सुस्वास्थ्य एवं दीर्घायु

का लागि

भक्तिपूर्वक शुभ कामना

चढाउछौं

बांसबारी छाला तथा जुत्ता कारखाना लिमिटेड

परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

अभिव्यक्ति

आर्चल साहित्यिक प्रकाशन

कविता

शरदचन्द्र शाहा : हवाइ जहाजमा उडिरहँदा : ५
दिनेश अधिकारी : खुल्ला इयाल ढोकाहरू तिम्रो प्रतिक्षा : १३
गोविन्द गिरी प्रेरणा : गजल : १७
रमेश तुलाल : चार साहित्यकार / एक कविता : ४१

कथा

ध्रुव मधिकर्मी : त्यस पछि : ६
[illegible] देवकोटा : विस्थापित आपनै मान्छे : १५
[illegible]मणि दीक्षित : भूईचालो : १८

पर्यावलोकन

कनक दीप व० आ० : केही चिन्तन केही मन्थन : ३०
धुव शर्मा : कोर्रा : ३३

अन्यकलमहरू

बाबुराम लामिछाने ; भ० म० पौडेल ; रामचन्द्र फूर्सती ; ईश्वर पोखरेल ;
सुभाषचन्द्र पौड्याल : मुक्तक / मुक्तक : २८ – २९
यायावर : जमघटहरू बाट : ३५
यायावर : बल्लपो थाह् भो : ४२

आवरण कला : श्रीमती मेरिट जोहान्सन

सम्पादक
नगेन्द्रराज शर्मा

CC-0. In Public Domain. Digitization by eGangotri

अभिव्यक्तिका अञ्चल प्रतिनिधिहरू

मेची : दुर्गा दहाल, दमक – ११, झापा ।
कोशी : ओम आचार्य, ११ / ११४ चतरा लाइन, धरान ।
सगरमाथा : माधव घिमिरे, महेन्द्र बिन्देश्वरी क्याम्पस, राजविराज ।
जनकपुर : समीर घिमिरे, किशोरी नगर, जनकपुर धाम ।
नारायणी : सगर चन्द्र गौतम, कुमार टोल, बीरगन्ज ।
लुम्बिनी : बनमाली निराकार, १४२ बुद्धघाट, तानसेन – १०, पाल्पा ।
धवलागिरि : लालचन्द राजभण्डारी – बागलुङ बजार, बागलुङ ।
कर्णाली : मुकुन्दप्रसाद घिमिरे, सीमीकोट ।
भैरी : सनत रेग्मी, विद्या कुटिर, त्रिभुवन चोक नेपालगन्ज ।
महाकाली : भाउपन्थी, सरगम फेन्सी स्टोर्स, महेन्द्रनगर, कञ्चनपुर ।
दार्जिलिंगका लागि : साझा प्रकाशन, सिंगमारी, दार्जिलिङ्ग ।

अभिव्यक्तिका आजीवन सदस्यहरू

श्री हेम हमाल, बानेश्वर हाइट, काठमाडौं ।
श्री रामकृष्ण श्रेष्ठ, कमल पोखरी, काठमाडौं ।
श्री गोपालजंग रायमाझी, बाँसबारी, काठमाडौं ।
श्री सुहृदराज घिमिरे, मैती देवी, काठमाडौं ।
श्री घनश्याम राजकर्णिकार, कमल पोखरी, काठमाडौं ।
श्री रामबहादुर पहाडी, रा० बा० बैंक, काठमाडौं ।
श्री सुन्दरप्रसाद ढुंगेल, ख १ – १४७९ बानेश्वर, काठमाडौं ।
श्री द्वारिकाप्रसाद उदय, बुटवल, खस्यौली ।
श्री देवेन्द्रकुमार प्रधान, " तिनाउ कप्ट सिजनिंग " बुटवल, खस्यौली ।
श्री शान्तदेव पाठक, महेन्द्र सुगर एण्ड जनरल इण्डस्ट्रीज, भैरहवा ।
श्री रोचक घिमिरे, टंगाल, काठमाडौं ।

वर्ष १४ / पूर्णाङ्क ३९ / हेमन्त ऋतु अङ्क / पौष २०४०

शुल्क : वार्षिक रु. २० ।– आजीवन रु. १०००।– एक प्रतिको रु. ३।–

अभिव्यक्ति अड्डा:
'प्रवास'
प २ – २९९ मित्रपार्क, चाबहिल, काठमाडौं – १

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय
प्रकाशकीय



" मेरो बिचारमा उत्कृष्ट साहित्य जहिले पनि सवकली हुन्छ, यस्तो सवकली साहित्य जनताको मुटुको स्पन्दनबाट निक्लेको हुन्छ । यस्तो साहित्यमा माटोको बास आएको हुन्छ, हुंगा पनि बोलेको हुन्छ, पहाड रसाएको हुन्छ र प्रत्येक व्यक्तिले आफूलाई पूर्ण रूपमा पोखेको हुन्छ । "

- श्री ५ वीरेन्द्र

श्री ५ महाराजाधिराज सरकारको शुभ जन्मोत्सवको महान शुभ – अवसरमा मौसूफ सरकारको सुस्वास्थ्य दीर्घायु एवं सम्पूर्ण सुख संम्वृद्धिका लागि भक्ति पूर्वक मंगल कामना गर्दछौं ।

र, यसै शुभघडीमा यो पनि चाहना गर्दछौं कि स्नेह श्रद्धा, राष्ट्रिय एकत,

CC-0. In Public Domain. Digitization by eGangotri

तथा न्यायको वैधिक हाम्रो गरिमामय राजमुकुटको छत्रछायामा सम्पूर्ण नेपालीले सधैं सुख शान्ति र सुरक्षा पाइरहुन् । सोझासाझा जनता ले केही जाली फटाहाहरूको विचौलिको सहनु पर्दैन् । 'न्याय नभाए गोरखा जानु' भन्ने आहनको सिर्जना गर्ने मुलुक का हाकी जनाले दिउँसै सदर ट्रंडिखेलमा लालटिनी बालेर न्याय खोज्न थाल्नु नपरोस् । किन भने, देशको कुनै पनि क्षेत्रको उन्नति, प्रगति वा विकासका कार्यमा दत्त चित्त भएर संलग्न हुन पहिले देशवासीहरू को मन र मस्तिष्क कुनै पनि किसिमको आतङ्क, अविश्वास र संत्रासबाट मुक्त हुनु पर्दछ ।

साहित्य साहित्य भनेर मरिमेट्दै साहित्यमैं सँधै लागिरहन चाहनेहरूले विशुद्ध साहित्यकै कुरा गर्न खोज्दा खोज्दै पनि कहिले काहीं त कतिपय साहित्येतर क़ुराहरूले, आपना वरिपरिका घटना दुर्घटनाहरूले यति प्रभावित पार्छन् – यति व्यग्र बनाइ दिन्छ् कि विशुद्ध साहित्यका फूल र कोपिलाहरू कहिले सेती मा डुब्न पुग्छन् त कहिले मैलीमा । अस्ति देखि मलाई के भइरहेछ – के भइरहेछ – जब जब म फूल बुट्टा भरेर एउटा मीठो साहित्यिक सम्पादकीय लेख्ने जमर्को गर्छु – त्यही गणेश डाइभरको लाशले छिचिक हाँसेर खिज्याइरहे जस्तो लाग्छ – अनि त मनस्थिति नै यस्तरी खलबलिन्छ कि केही लेख्ने सन्तुलन कायम राख्न नै गाह्रो पर्छ ... ।

हो, देशमा यदा कदा यस्ता एक दुई घटनाहरू घटनु कुनै ठूलो कुरा होइन तर यस्ता एक दुई घटना का अपराधीहरू फैला परेनन् अथवा अपराधीहरूले सजायँ पाएनन् भने त्यो कुरालाई चाहिं ठूलै कुरा मान्नु पर्छ । हुन त हो, हामी अत्यन्त शहनशील छौं – महँगीको मार पनि चुपचाप सहन्छौं । अपव्ययको भार पनि चुपचाप सहन्छौं । जंगल फाडिएको पनि सहन्छौं, समाज भाँडिएको पनि सहन्छौं । नाता वाद र कृपा वाद ले थोरैका अनेकानेक आतङ्क, अत्याचार र अनाचार पनि त हामीले चुपचाप सहि – आएका नै छौं । तर, जब प्राणैको संकट आउँन थाल्छ अनि त हामीले पनि अलिकत चरपटाउनै पर्छ । किन भने अन्याय सहनु पनि अन्याय गर्नु जस्तै नै हो र न्याय माग्नु चाहिं कुनै अन्याय होइन । यस कारण, यौटा धनी, बाकपटु र शूत्रशाली व्यक्तिको 'ज्यान' जस्तै यौटा साधारण गरीब र निमुखा डाइभर को 'ज्यान' पनि 'ज्यानै' हो भन्ने चेतना चाहिं हामी सम्पूर्ण नेपालीमा हुनैपर्छ । किन भनै, हमीलाई " हाम्रा राजा हाम्रो देश, हाम्रो भाषा हाम्रो भेष " भनेर मरिमेट्नै का लागि पनि त पहिले हाम्रो जीवन चाहिन्छ – जीवनको सुरक्षा चाहिन्छ ... । हैन र ?

धन्यवाद !

।।७।।

CC-0. In Public Domain. Digitization by eGangotri

शरदचन्द्र शाहा

[illegible]

चिन्मय जीवनको भित्री सपना
दिव्योन्मुख दरिलो उड्ने चाहना
उडिरहँदा पनि जीवनी गड्दै गयो
उन्मुक्त देखिँदा पनि बाँधिदै गयो

मातृभूमीमा सम्झना तारा र साकीको
आंक्कल झुक्कल पाइने एकान्तको कथा भो
रहाइन नदी वर्षा देखि बगिरहेछ एकनास
तैपनि सधैं ज्यूंदो प्रश्न छ तिम्रो विश्वास

फेरि शरद, फेरि संग्लोपानी, हिमालको पानीमा छायाँ
बिर्सु भने पनि, सम्झु भने पनि, दोहोरिइरहन्छ तिम्रो माया
तिमी अप्राप्य, अदृश्य, अस्पृश्य मायाको चाहना
सपना झैं, झझल्का झैं, मेरो कविताको बि बीचको बाहना

हाम्रो आखिरी भाव संगमस्थलमा हरेक वर्ष जाँदैछु
तिर्मीलाई र आफैलाई चिन्न खोज्ने प्रयास जगाएर लाँदैछु
यो भूगर्भ भित्रको अनन्तकथा झैं, बिछोडको अनगिन्ति व्यथा झैं
जीवन पनि बिस्तारै बित्न लाग्यो कहीं बिसिएको कहीं सम्झिएको पुरानो गाथा झैं

अस्तबिकताको आरनमा कविता मर्छ त ?
अब के बिस्तारै जीवनको प्राथमिकता सर्छ त ?
म कहिल्यै मान्दिनँ तिमीले बिर्सौं भनेर
म कहिल्यै मान्दिनँ तिम्रो माया पारि म बाँच्छु भनेर

दुःखेको छातीमा वर्षौंको वजन छ
दोहोरिएको गीतको एकोहोरो गुञ्जनछ
बिरसिलो जीवनमा पुरानो झल्काको चाहा छ
समाजले ः खोजेपनि उन्मुक्तिको नमर्ने माया छ।

।।।

CC-0. In Public Domain. Digitization by eGangotri

... त्यसपछि

त्यसपछिको कुरा मलाई थाहा भएन । थाहा नभएकाे कुरा म अन्य कतिपय लेखकहरूले झैं बडो थाहा पाएको भ्रम दिन चाहन्न । अतः म थाहा नभएको कुरासम्म भन्छु – शुरुदेखि त्यसपछि म कथालाई ड्यामै लेख्न छोडनेछु – कर्तव्य पूरा भएको सम्झेर । जस्तो कुनै यथार्थ नाटकमा कुनै पात्रको भूमिका समाप्त भएपछि मंचमा आफ्नो उपस्थितिलाई अनुपयुक्त मान्दछ ।

कुनै एउटा मोटरपार्क । नाम भैले यहाँ उल्लेख गर्नु पर्ने । तर त्यो लेखिएको बोर्ड रंग खुइलिएर, ठाउँ ठाउँमा ढुंगाले, बसले ठक्कर दिंदा टुटफूट भएर नचिनिने अवस्थामा पुगिसकेको छ ।

मोटर एउटा मात्र । तर प्रतिक्षारत मान्छेहरू भने धुप्रै छन् । अभाव छ यहाँ एउटा ठूलै मोटरको जसमा यी सब मान्छेहरू एकसाथ सहजै अट्टाउन सकुन् । भएको एउटै मात्र मोटर टन्न भरिइसकेको छ । गुन्द्रुक कोचे–सरि मान्छे खचाखच छन् । चढ्न नसकेर कतिपय मान्छेहरू हडबडाइरहेका छन् । त्यसैबेलि हजार मानिरहेका छन् । यो गएपछि फर्कन निकै बेर लगाउँछ । यो निश्चित छैन - फर्कने हो कि होइन : अतः मान्छेहरू मनमा ठूलो पीर लिएर अन्योलमा रुमलिइरहेका छन् । कोही कोही अझै पनि कतै होलो – खोकुलो निश्वास छ कि भनेर भित्र घुस्न धक्कमधक्का मचाइरहे छन् ।

सडक र फूटपाथमा बसेर मान्छेहरू कुराकानी गरिरहे छन् । टिका टिप्पणीमा निमग्न देखिन्छन् । अनुहारहरू भिन्न भिन्न प्रकारका छन् । कसैको अनुहारमा आक्रोश छ त कसैकोमा दमित आवेश । कोही निरीह देखिन्छ ता कसैकोमा रिस । कोही रंग खुइलिएका जस्ता । तिनीहरू व्यवस्थाको आलोचन प्रत्यालोचना गरिरहेछन् – थप मोटर बारे, सिटको रामो प्रबन्ध बारे । बसमा त जो बलवान भयो, जसले निर्बललाई धक्याइन् सक्यो त्यसले अझ माथि चढेर, कसैलाई पन्छाएर भज्याले ठाउँ भेट्टाउन सक्छ । तर ... खोई रामो व्यवस्था सिलाउला जस्तो हताती कुनै त्यस्तो संकेत देखिदैन ।

खलासी पुनः आवाज दिंदैछ – यात्रुहरूलाई । बसमा अझै ठाउँ रहेको विश्वास व्यक्त गर्दैछ । सायद उसलाई अझै चित्त बुझेको छैन । सके मालिकको आँखा छलेर आम्दनीबाट केही अंश हडप्न चाहन्छ । तर मान्छेहरू यस्तो कोचाकोच रहेको भीडमा पिल्लिएर निस्सासिएर केही होला भनेर डरा-

CC-0. In Public Domain. Digitization by eGangotri

डरहेका देखिन्छन् ।

बसपार्कमा रहेको त्यो एउटा मात्र मोटर आरंभमा अकैले नै चलाएको थियो । त्यसले केही समय चलाउँदा जथाभावी हाँकिदिएछ । मोटरको क्षमताभन्दा बाहिर जोडसंग हुत्याउन खोज्ने, जहाँ पायो त्यहीं अडान दिने, यसबाहेक बलजफती गरेर कतै भित्तामा ठोकाउने आदि । जेहोस त्यसबाट धेरैपटक दुर्घटनाहरू हुन पुगेका थिए । यही कुरामा त्यसलाई हटाइएको थियो । मोटरको अंगप्रत्यंगमा अझै कतै कचाककुचुक परेको डोप देखिन सकिन्छ । कतै टुटेफुटेको फेला पार्न सकिन्छ । अतः त्यसलाई परिवर्तन गरेपछि मोटरमालिक स्वयंले चलाउने जिम्मा लिएको थियो ।

मोटर मालिकले यसबाट निक्कै कमाइसक्यो । सुनिन्छ, ठाउँ ठाउँका बैंकहरूमा त्यसको अपार संपत्ति सचित छ । कता कता बाट र कसरी कमायो भन्ने बारे धेरै मान्छेहरू अनभिज्ञ नै छन् ।

– जिम्मा लिएको थियो तर पुरा गरेको छैन ।
– घर कसरी पुग्ने लौ न !, एउटी आईमाई हडवडाई ।
– बस कहिले गुडने हो क्या र ?
– ओहो ! झमक्क साँझ पर्ने आँटेछ !
– आजुको लागि कहिले हिंडिने हो, केही निश्चित छैन !
– एक जुवा घाम छंदै घर भित्रिनु पर्छ नत्र

कुनै भित्तामा लेखिए सरह मोटर कुंभकर्ण झैं मस्तसंग उँघिरहेछ । यात्रुहरूको चलमलाइले हल्लिएर बिम्झेला जस्तो पनि छैन । मोटर भित्र हप्तैपती गर्मी चढिरहेछ । अर्को मोटर छैन । त्यसैले कतिबेरसम्म यसरी नै अडान लिइरहेने हो ठेगान छैन । मोटर चालकको उदेश्य त सकेसम्म सब अटाउने हो क्यार । मोटर पनि त सब अटाउनाका लागि ठूलो हुनु पर्यो नि कसो ?

क्रमशः उज्यालो, ओरालो झर्दैछ । तर मोटर भने अझै ठप्प छ । मान्छेहरूमा खिन्नता व्याप्त हुंदैछ । अत्याहट र आशंका घनीभूत हुंदै गइरहेछ ।

चालक बसिरहेछ आफ्नो ठाउँमा दस्समस्स भएर । विण्ड स्क्रिन भन्दा परतिर हेर्दै कुनै धून सुसेल्ने तरखरमा छ । उसका ओठका कुना कुनामा कस्तो कस्तो कुटिल लाग्ने खालको हाँसो तरेलिन खोज्दैछ । अगाडि

CC-0. In Public Domain. Digitization by eGangotri

संसार फैलिएको छ । परको एउटा पार्कमा केही फूलहरू फुलेका पनि छन् । एउटा बेंचमा बसेर कुनै प्रेमीखाले मान्छेले एउटी प्रेमीका खालै स्वास्नी-मान्छेको केशमा फूल सिउरी दिन खोजिरहेछ । बाहिर फूटपाथमा एउटा मगन्ते हात फैलाएर बसिरहेको छ । पछाडि मोटर गुडला कि भन्ने प्रतिक्षामा कोचाकोच गरेर बसिरहेका मान्छेहरू उकुसमुकुस सहेर मुर्मुरिइरहेछन् । तर घेरै बेरदेखि चालकले पछाडि फर्केर हेर्ने कष्टसम्म उठाएको छैन ।

तिनीहरूको आशाको केन्द्रस्थल त्यो चालक भइरहेछ । मान्छेहरू बस्नासाथ मोटर त्यसै गुडने त अवश्य होइन । फेरि गुडाउने अधिकार चालक बाहेक अरूसंग छैन पनि । तर चालक यी सबबाट पृथक भएर बसिरहेजस्तो छ । अस्पृश्य हुँदै निरापद स्थितिमा डुलिरहे जस्तो महसूस हुन्छ । उसको एउटा आफ्नै धून छ । तरंग छ, जुन धूनमा, तरंगमा घाम डाँडामाथिबाट खस्न लागेको उपस्थिति छैन । एक जुवा घाम छँदै घर-भित्र हुल्नु पर्ने कुनै बाध्यता छैन । खलॉसी अझै एक सूरले कराउन अर्थात् चिच्याउनमा तल्लीन देखिन्छ । बसभित्र ऊ स्वयम् छिर्ने ठाउँ शेष रहेन । उसलाई त जहाँ झुण्डिए पनि के । जति बढी यात्रु कोच्न सकियो उति फाइदै छ ।

चालक घुंवा फूकिरहेछ । तर मोटरको कुनै पातामा धुम्रपान निषेधका शब्दहरू कोरिएका छन् । कुरा यस्तो – नगर पंचायतले यहाँ फोहर नगर्नु भनेर तस्बी टाँगेको हुन्छ त्यहीं बढी फोहर हुनु जस्त । स्टियरीङ्गमाथि चालकका दुई खुट्टा एक अर्कामा गुटमुटिएर रहेको छ । चालक सीट बरिपरि बार लगाइएकोले पनि यात्रुहरूको हेलमेलबाट त्यो मुक्त छ । यस्तोमा चालकको अनुहारबाट अभिजात्य वर्गको भाव टपकिरहेको प्रष्ट-संग देख्न सकिन्छ ।

चालक अझै ढीलासुस्ती गरिरहेछ – शानसंग ।

एकजनाले उभिएरै अखबार पल्टायो । एउटा समाचार – काम नगर्ने प्रवृत्ति, ढीलासुस्ती हटाई सब एक जुट भएर देश विकास कार्यमा लाग्नु आजको आवश्यकता .. , मा उसको आँखा गहिरिन पुग्यो । एउटा मंत्रीले कुनै कार्यक्रममा दिएको भाषणको एक अंश थियो त्यो ।

– कुरामा त खप्पिस हुन्छ् यी नेताहरू , उसले मनमनै प्रतिक्रिया जनायो ।

बल्ल चालक केही सम्झे जस्तो भएर झस्किएको देखियो । उसको कानभित्र मान्छेहरूको चालचुल टड्कारो सुनियो । आसपास नियाल्दा उसले

CC-0. In Public Domain. Digitization by eGangotri

पायो – मोटर भित्र खचाखच भीड त्यत्तिकै भीड मोटर बाहिर बाटोमा पनि कहीं पुग्न आशामुखी तर अलपत्र । ती अनुहारहरू अहिले निराशाले सोहोरिएर टप् टप् खस्न लागिरहेका । आकाशमा हेर्‍यो, त्यहाँ दिन मात्र होइन साँझ पनि खस्न खस्न लागिरहेको थियो ।

– ए !, चालक करायो ।

खलासीले कुनै जवाब दिएन । हुनसक्छ सुनेन ।

– ए मुला .. सुनेनौ ?, फेरि करायो चालक महाशय ।

– हजूर ! कान खाने आवाजले तानिएर खलासी चालक छेउ उभियो ।

– ती मान्छेहरूलाई पनि हाल न .. तँलाई थाहा छैन यो नै अंतिम बस हो र अर्को अब आउँदैन भन्ने कुरा .. भन्दे सबलाई यो बाहेक अर्को कुनै विकल्प नै छैन भनेर , भएभरको रिस खलासीको टाउकोमा खनियो ।

भारले खलासी अलि थिचियो ।

– के ट्वाल्ल परिरा' ? .. ल छिटो गर ।

– मान्छेहरू नै आउँदैनन् मैले कति कराइसकें घांटी नै सुक्न गरी , खलासीले बल्ल बोल्ने मौका पायो ।

– सोध्नु पर्दैन किन आउँदैनन् ? कि अर्को बस आउँछ भनेर पर्खि रहे ?

– बसमा ठाउँ भएन रे !

– केरे ? बसमा ठाउँ नभए छतमा बस भनन, हैन भने कतै झुण्डि ई भन .. यति भन्न आउँदैन ?

– तिनीहरूलाई इज्जतको डर छ रे !

सुनेर चालकले मुख बंग्यायो । जोडसंग खकार बाहिर फात्यो । तर्सेर खलासी तीन हात पर सर्‍यो । उसको हास्यास्पद स्थितिमाथि चालक ले हाँसेर मज्जा मान्यो – एक क्षण ।

– कोही कोही त हिंडेर जान्छु भन्छ ।

– हुँदैन .. को मूर्ख हो त्यो हिंडेर जान्छु भन्ने ! नत्र बस भएको के .. सबै हिंडन थाले भने हामीले के झिगा घपाएर बसिरहने ? साले ! .. यसो सम्झाई बुझाई व्यवहार गर न । यति भन्दै चालकले मोटर स्टार्ट गर्न कस्सियो ।

तर मोटर स्टार्ट भएन ।

CC-0. In Public Domain. Digitization by eGangotri

धरैर .. आवाज गर्‍यो, चपक्क रोकिन्यो । केही बेरसम्म यही प्रतिया पकिरहो । चालकले तरक पत्तिा काढ्यो । हातमछि झ्याल माहिर टाउको निकालेर खलासीलाई बोलायो – ए भता हेर .. छिटो किन स्टार्ट हुँदैन हँ ?

खुब खुब झरिरहेको पाइन्ट एक हातले बीचबीचमा सरक्क उचाल्दै खलासी हतपत दगुर्दै आयो । बोनट खोल्यो । भित्र के के हो घुमाएर हेर्‍यो । तीन चार छः सात पटक चलाउँदा पनि स्टार्ट भर्न सकेन । चलाउँदा चलाउँदा खलासी फत्तक्क हात गलेको कारणबाट चुप लाग्यो । के गर्ने हो उसले अबिचार निकाल्न सकेन । पक्किाले उसको अनुहार निर्बुझक भिजिसकेको थियो । अतः चालकको आँखामा आशा मुखी भएर हियाल्यो । चालक पनि घरै बेरदेखि गैरे सनातेर बसिरहेको थियो । केही नभएको देखेर रिसले आँखा रातो रातो पार्दै हेर्‍यो ।

– के भयो ?

खलासीलाई उत्तर दिन आएन ।

– के भो भन्या, लाटा ?

खलासी फेरि पनि चुप लाग्यो । यसबाट उसले चालकलाई प्रत्यक्ष हेर्न सकेन ।

– के ट्वाल्ल पऱ्या साले ! एउटा काम रामरी गर्न आउँदैन तँलाई ... जा पछाडिबाट डेल छिटो गर, रुखो स्वरमा करायो चालक । खलासीलाई यस चालकले एक शब्द मिठो बोलेको आजसम्म थाहा छैन । केटीहरुसंग भने रामो व्यवहार गरेको अलि याद छ । ड्राइभरी मिजासै यस्तो हो कि ?

खस्न लागेको पाइन्ट सरक्क माथि तान्यो । नाकबाट बगिरहने सिगान सुइत्त बाहुलाले पुछ्दै आधा जति भित्र नै फर्कायो ! उसको लुगाफाटो कतै कतै च्यातिन लागेको तर सम्पूर्ण मैलिइसकेको थियो । मैलोले मासुको रंग समेत कालो भइसकेको थियो । उसको कालो आँखामा काम प्रति विशेष जोगर छैन । कुनै मोह भेटिँदैन । स्वयम् चालक पनि मोजमज्जा बाहेक अरु स्वाउने खालको देखिँदैन ।

खलासीले चालकमाथि पुलुक्क हेर्‍यो – हीनताभासका साथ । त्यसपछि पछित्तिर गएर करायो – ल हजूरहरु हो ! तपाईहरु छिटो पुरन चाहनुहुन्छ भने ओर्लेर एकचोटी ठेलिदिनु पऱ्यो हेर्नोस बसै स्टार्ट भएन .. ल ल हजूरहरु हो सहयोग गरिदिनु पऱ्यो .. ।

CC-0. In Public Domain. Digitization by eGangotri

एकछिन त कसैले बोलेन भनै लिएन ।

– हेर्नोस, यो बाहेक अरू बस छैन। ताराईहरूलाई नै नत्र मकी पर्ला – खलासी फेरि कराथो । तर पनि कोही चुईंक्कसम्म बोले नन् ।

– क्याहो ताराईहरू कसैसंग कान छैन कि क्या हो ताराईहरूले के सम्झ्या ? खरुक्क झर्ने भए झर्नोस, बुझ्नु भो यो मेरो निजी बस हो – ताराईहरूकै लागि सेवा गर्न बस्या हाम्री अन ताराईहरू नै सेवा गर्न नदिन ?, पछिल्तिर फर्केर चालक अनुहार कराथो, गर्ज्यो पनि ।

यो सुनेर यात्रुहरू झसंग भए । सबले नमीठो अनुभव गरे। अब नठेली घर नपुग्ने भइयो । यो छोडेर अर्कोमा जाउँ भने पनि अरू बस छैन। राख्न दिइएको पनि होइन । केही समय भयो – अरू बस हठाइ-एको । हटाउनाको कारण ती बसहरू भए यस ठाउँका लागि अनुपयुक्त तथा त्यसको प्रयोगले जनजीवनमा प्रतिकूल प्रभाव पर्ने जान्छ, भने । यसैले एका-धिकार चलाइरहेछ यो चालक। केही सीप नलागे पछि बिस्तार एकपछि अर्को गर्दै झर्न थाले कोवाकोच गरी अठ्यारोसंग उभिरहेका मान्छेहरू । तर सीट ओगटेहरूमा कतिपयलाई यो प्रस्ताव अमान्य जस्तो भइरहयो । तिनी-हरूमा सीट छोड्ने जस्तो कुनै सुरसार देखिएन । त्यस क्रियाकलापसंग कुनै सरोकार नभए झैं अटेरी भएर बसिरहे । एक त तिनीहरू मध्ये कोही हत्तपती उठ्न नसक्ने देखिन्, हाती तथा भूडेगणेश जस्ता भने कोही मुल्याहा खालका छन् । खलासी सहित अरू केहीले घच्याडन सुरु गरे । तर बस अलिकति हल्लाउन बाहेक अरू केही गर्न सकेन । कोही कोही त बस ठेल्नु पर्ला भनेर किनारा लागिहाले ।

केही मान्छेहरूको ठेलाईले बस हल्लिरहयो मात्र ।

समय त्यतिकै खेर गइरहयो । मोटर स्टार्ट गर्न सकेन । भित्र चालक मोटर स्टार्ट होला र गुड्ला भनेर पखिरहयो । बाहिर उभिरहेकाहरू पनि कहिले स्टार्ट होला र छिटो हिंडेर चढुंला भनेर मौकाको ताकमा बसि-रहेका छन् । मोटर ठेलिरहेहरू अझै ठेलिरहेकै छन् ।

– यो मोटरलाई के भयो ? बिग्र्या त होइन ?

– बिग्र्या भए बनाउन दिनु पर्ने

– नभए हामीलाई थाहा त दिनु पर्ने ?

– थाहा दियो भने आम्दानी कहाँबाट हुन्छ

– कत्रो फसाद, मारेन अब !

– हो त नि, घरमा जहान परिवार कति पीर मानिरहयो होला

CC-0. In Public Domain. Digitization by eGangotri

– त्यतिकै बसिरहन्छ होला बस पुऱ्याउंछु मात्र भनिरहन्छ ड्राइभरलाई के छ र ? टन लाएर तुतिन्छ सीटमै तर हामी !

– मोटर मै धोत्रो, भित्रको पार्ट पुर्जा मै कुहेर मधिकइसक्यो भने मोटरको बाहिरी आकार मात्र रंगले पोतेर, चालकले मात्रै चलाउन खोजेर त्यसै कहाँ गुड्छ र ?

कथा यहीं सम्म हुनुपर्थ्यो क्यारे । कतिपय समीक्षकहरूको पनि यस्तै मंतव्य हुन सक्छ । तर म स्थितिको एउटा पक्ष अझै उद्घाटित नभएको अनुभव गर्दैछु । त्यको मतलब उद्घाटन हुन बाँकी वस्तु म यहाँ आफ्नै तर्फपाट पेश गर्न लागिरहेको होइन ।

त्यसपछि सुनियो – बस स्टार्ट भयो । कोही कोहीले गुड्यो पनि भने । अब कुनै पनि भागमा यो सहजै पुग्न सक्छ र जति पनि यात्रुहरू छन् सब त्यसमा सहजै अटन सक्नेछन् । थाहा लाग्दैन यो कति सत्य हो । यति त सत्य हो, चालक आफ्नो सीटमा अझै पनि उही ढस्समस्स पारामा बसिरहेको छ । गाडीका सीटहरूमा उही मान्छेहरू बसिरहेका छन् – गजधम्म भएर, जो बस ठेल्नु पर्दा टाउको लुकाई बसिरहेका थिए । बेलाबेलामा खलासी कराइरहेको सुनिन्छ – । बस गुड्नै लाग्यो, छिटो चढ्नु होला ..

अब फरक कति आयो भने अहिले उक्त बस स्टार्ट भइरहेको जो कोहीले पनि स्पष्ट देख्न सक्नेछन् । मैले पनि देखेकै हुँ । तर मोटर कहिले गुड्ने म भन्न सक्तिन । नरिसाउनु होला सॉच्चि म भन्न सक्तिन ।

बस् यति हो, मलाई थाहा भएको कुरा ।

।।।

बौद्धिकताको प्रयोग गर्नु हाम्रो साहित्यिक परम्परादेखि बाहिरको कुरा हो भन्नु सर्वथा भूल हो । उपनिषद गीता जस्ता रचनाहरू बुद्धि प्रधान भएता पनि वास्तवमा उत्तम कविते हुन् ।

– यदुनाथ खनाल

CC-0. In Public Domain. Digitization by eGangotri

दिनेश अधिकारी

खुला भयाल-ढोकाहरू : तिम्रो प्रतिक्षा

तिम्रा दुई आँखा : ढोकाका खापहरू
घरक्क ! खोलेर
पहिलो भेटमै म भित्रको मान्छेलाई
झपक्क ! खै, कसरी आफूमा कैद गराउन सक्यौ ?
साँझ – बत्ती बल्दा नबल्दै
भ्याल – ढोकामा चुकुल हालेर
निस्फिक्री निदाइरहेको बेला
तैरँदै सपनामा
मैंबाट मेरो मन
सुटुक्क ! खै, कसरी चोरेर लैजान सक्यौ ?
हराएर आफूलाई
लाग्छ, म तिमीमा अनुवाद भैरहेको छु
मन, तिमीसंगै भएर हो कि
तिम्रो अनुपस्थितिमा
खोसिए जस्तो आफ्नै गति आफूबाट
हराए जस्तो आफ्नै दृष्टिहरू आफ्नो ओहोरबाट
चोरिए जस्तो आफ्ना खुसीहरू आफ्नै ओटबाट
म आफैंमा परदेश अनुभव गर्न थालेको छु
स्निग्ध !
मनोहर !
माया को कामना मात्रै पनि कत्ति मीठो हुँदोरहेछ
म –
तिमीसंगको जन्काभेटको चाहना गरिरहेछु
आफन्तसंगको भेट त हो
साइत / वेसा हेर्नु वेसाइत
जतिखेर आए पनि हुन्छ
कपाल बाट्न थालेर
[बरु अबेर नगर्नु

CC-0. In Public Domain. Digitization by eGangotri

खाली खुट्टा आए पनि हुन्छ
खाली निधार आए पनि हुन्छ
वै ! श्रृंगार पनि केलाई भन्नु र ?
मैले त –
सौन्दर्यको एउटा जुलुस नै
पट्ट फुटेका - रसिला
तिम्रा कपास – ओठ अघिल्तिर टिकन नसकेर
आच्छु ! आच्छु !!
बुर्कुसी मर्दै भागेको देखेको छु ।

मनको आपनै थालीमा
संपूर्ण मायाहरूको
संपूर्ण आस्थाहरूको
र, संपूर्ण विश्वासहरूको व्यञ्जन पस्केर
तिम्रै भेटको प्रतिक्षामा
आँखाहरूमा
म अनै
तिमी आउने बाटोभरि बिछिएको बिछ्यै छु
म आफ्ना गीतहरूमा तिमीलाई गाउँला
म आफ्ना बिहानीहरूमा तिमीलाई उजिल्याउँला
बरु आउँदा अबेर नगरेर
चोर बाटो / गल्छेडो हुँदै आइज
यो पटक
भी हेर !
मैले सबै जस्केलाहरू खुल्ने राखेको छु
मैले सबै ढ्याल – ढोकाहरू उदाङ्गै छोडेको छु ।

बस्तो मानी बनीका नगिच हरघडी टप्प जोडर हात ।
छाती खोलेर गर्छौं हृदय बुझी सदा नम्रतासाथ बात ।।
दुःखीका साथ उस्तै विनय सित सदा धर्म संदेश बोल ।
गर्न पर्दैन फेरी व्रत, जप, तपले स्वर्गको मोल तोल ।।

कवि शिरोमणि लेखनाथ पौड्याल

CC-0. In Public Domain. Digitization by eGangotri

कुमुद देवकोटा

विस्थापित आफ्नै भान्छे

शहरको मानको अस्पताल । अस्पतालको ठीक बाहिर साइनबोर्ड झुण्ड्याएर ऊ मान्छे बसेको । विस्थापित भएको हुनु पर्दछ अस्पतालबाट । अथवा अस्पताल भर्ना हुनै सकेन वा गरिएन । बाध्यताले हात पसार्ने थालेको होला अथवा सजिलो काम खोजेको होला – त्यो अहिले सम्म बुझ्न सकिएको छैन । शहर सबै जसो पस्नु नै पर्छ र सधैं शहर पस्नु अगाडि ऊ त्यही ठाउँमा हुन्छ । ठिक त्यही ठाउँमा नभए दुई चार हात वरपर अवश्य देखिन्छ । त्यो ठाउँमा ऊ कहिले देखि बस्न थालेको हो त्यो थाहा छैन । उसलाई त्याहाँ देखिन थालेको झण्डै छ महीना नाघ्यो होला ।

शहर पस्नेहरूको एउटा रेलानै हुन्छ । मानिसको सानो सानो एउटा बाडी नै हुन्छ : कतिले खल्तीका साना खाले चानचुन ओछ्याइएको बोरा मा फालिदिन्छन् कतिले हेर्छन, कतिले बेवास्ता गर्छन् । यस्तै मध्ये, दिन्हो त्यही बाटो जाँदा जाँदा कतिका आँखा त्यसलाई हेर्न झण्डै झण्डै अभ्यस्त भै सके । कुनै दिन शहर पसिँदैन । तर, नदेखिँदाको अभाव एक छिनको लागि मनमा खटकिन्छ । त्यो अभावले कुन बेला छुन्छ – समय ठिकसंग बताउन गाहारो पर्छ ।

शहर सँगै सुत्नु शहर संधै उठ्नु भने त्यसले आफ्नो नियम बनाएको छ । उसको अनुहारबाट पनि त सजिलो सँग बुझिन्छ । उसंका बालककालका दिनहरू शहर बाहिर का डाँडा, बन, पाखामा बितेका होलान् । त्यहींको वातावरणमा रमाएर हुर्केको होला । यो भन्दा पर पनि उसका धेरै कुरा होलान् । परका कुरामा त्यति ध्यान दिने सायद आफैंसंग समय छैन ।

आफैं बिरामी हुँदा अस्पताल भर्नाको लागि गरिएका सिफारिसहरू एकै छिन संझिन्छ । र लाग्छ बिना, सिफारिस यहाँ सम्म ऊ किन आयो होला के आश लिएर आयो होला ?

मोटर, मोटर साईकल र सवारी प्रयोग गर्नेहरूले उसलाई देखेका छन् कि छैनन् । शहर प्रति सचेत र शहरकै स्वस्थ्यता बचाउन संलग्न चेतनशील व्यवस्थाले देखेका छन् कि छैनन् त्यो केही थाहा हुन सकेको छैन । संधैं लाग्ने धामले चिनेको छ कि छैन, आँखामा लुकामारी खेल्ने रातले चिनेका छन् कि छैनन् । कवि, लेखक, पत्रकार र चित्रकारको आँखामा कस्तो संस्क-

CC-0. In Public Domain. Digitization by eGangotri

रण सँग प्रकाशित हुने हो, त्यो जो ठीक अस्पतालको पर्खालमा साइन बोर्ड झुण्ड्याएर बसेको मान्छे।

संधै हतार बाद – विवादको लागि। साँझ सजिलो सँग मट्टी, घर या कुनै मित्रको कोठा बस्न। घरका बाल बच्चा आवश्यक काम गर्न। बिरामी स्वास्नीलाई डाक्टर कहाँ पुऱ्याउन। नाटकको समीक्षा हेर्न। एउटा लामो व्याख्या तैयार पार्न। शहरले स्वयं आफू बाँच्ने क्रममा मानिस माथि धुप्रै जिम्मा लगाएर उज्यालिएको छ। यो हतारको क्रममा सब भन्दा पहिले त्यो मान्छेलाई यति सजिलो र छिटो सँग देख्न शायद सकिदैन थियो होला। सेतो भूईमा राता राता ठूला ठूला अक्षरले त्यो साइन बोर्ड नमुण्ड्याएको भए। यति लामो समय देखि हेर्दै आएको त्यो मान्छेलाई कहिले रामो, सँग निचालेर हेर्न सम्म सकेको रहेनछु। आज आफै स्वयं अनिश्चित भएकोछु। समय धुप्रै छ, खल्ती भरि। समय खर्च गर्न अप्ठ्यारो भै रहेको छ। यो रल्लिने क्रममा समेत शहर पस्ने यी अभ्यस्त खुट्टाहरूले आफनो कोण बनाउँछन्। पाइलाहरू बिस्तार चलिरहेका छन्। त्यही ठाउँ भन्दा अलि परनै यो पाली खुट्टा अड्छ। आँखा सिनेमा र नाटकका पोस्टरहरू बाट छुट्टिएर त्यही परिचित साइन बोर्डमा आइपुग्छन्। सेतो भूईमा राता राता लेखिएका अक्षरहरू यो पाली एक एक गरेर पढ्छु। मलाई रिजल्टा लाग्छ, टाउको दुःखछ, बोल्न सकिदन।

ती शब्दहरू झन्झनाउँदो संग आएर छुन्छन् मगजमा – हो कतै आफ्नै सूक्ष्म ठाउँमा। शब्दका अभिव्यक्तिहरू। भर्खर नाटकका पोस्टर बाट हटेर आएका आँखा त्यो मानिसमा पर्दछन्। उसका हात खुट्टा सुकेका रहेछन्। आँखा भित्र पसेका रहेछन्। जिउ हाँस जस्तो भैसकेको रहेछ। सारा घाउ मुटुको आवाजबाट उछिट्टिएर एउटा आवाज आफ्नै कानमा आएर ठोकिन्छ। अस्पतालबाट निकालिदिएको रहेछ ठाउँ छैन भनेर, औषधि पाएको भए बाँच्ने थियो होला। कहाँको कहाँको कस्लाई के वास्ता र ? फुटपाथबाट हिड्ने अज्ञात व्यक्तिहरूको त्यो संवाद थियो। म आफू कतै छटपटाएको छैन। मलाई कतै केही लागेको छैन। केही भन्न चाहि चाहिरहेको छु। शब्द गिदीमा बनिरहेको छैन र आवाज निकालिरहेको छैन।

एकजोडा विदेशी त्यहीं आएर उभिन्छन्। साथमा आउने केटो पथ – प्रदर्शक होला। सारा कुरा एसँग बताई रहेछ। एउटाले साइन बोर्ड देखाएर पथ प्रदर्शकलाई सोध्छ। उसले जस्ताको जस्तै अनुवाद गरेर बताउँछ। आफनो अनुहारमा हाँसो ल्याउँछ। हाँस्नु उसको भद्रता होला

CC-0. In Public Domain. Digitization by eGangotri

घेरै कुरा गर्छन् तर चाहेर पनि म कति कुरा सुन्न पाइरहेको छैन ।

'अस्पताल छैन ?'

'छ ।' हातले देखाउँछ । धेरै अस्पतालको नाम बताउँछ्यप्प प्रदर्शक ।

यस्तो हुन्छ र ?' विदेशीहरूको यति सोधाई मात्र सुन्छु म । शहर हो यस्तो भै हाल्छ गर्दा गर्दै के गर्ने ? एउटा लामो सास छोडेर बताउँछ । कति दिन शहर पस्नुनै परेन । सारा कुरा बिसि हालें । कहिलें खालि समयमा मनमा राता अक्षरहरू चलमलाई दिन्थे । बस अलि दिन पछि थाहा भयो, धोमको झुल्को सँग चिम्लेको आँखा फेरि उस्ले कहिल्यै खोलेन छ । शहर उस्तै रहेछ । मानिसको रेला उस्तै । त्यो ठाउँमा पुगेपछि लाग्यो, शहरले सधैं यस्तै इतिहास छोडदो रहेछ । हतार हतार मेरा पाइला स्वतः भिडसंगै बढ्दै गए । सॉइलो बम बहादुर । त्यो मृतक व्यक्तिको नाम पुलिसलै पत्ता लगाएको कुरा अलि दिन पछि अखबारमा देखियो -- ।

।७।

गोविन्दगिरी प्रेरणा

गजल

घात भो जिन्दगी आघात भो जिन्दगी
आघातै आघातको खात भो जिन्दगी ।

सबैको जिन्दगी जुनेली रात झैं देख्छु
आफ्नो त आँसीको रात भो जिन्दगी ।

कम से कम कुनै बिहान भेटुँला भन्थें घाम सुखको
तर कठै हुस्मुले ढाकेको प्रभात भो जिन्दगी ।

भूत त भत्क्यो भत्क्यो वर्तमान पनि बिग्र्यो
भरोसा नै नभएको भविष्य झैं अज्ञात भो जिन्दगी ।

कहीं टिक्न सकिएन कतै बिक्न सकिएन
जताततै अस्वीकृत बासी भात भो जिन्दगी ।

।७।

CC-0. In Public Domain. Digitization by eGangotri

रुमाल

बिचरो रुमाल !

होलभरि सबै जना लडकना औंलिनुभन्दा पहिले त्यो सांघुरो बाटोको बीचमा एउटा हातै रुमाल देखा पऱ्यो – अल्छी भएर त्याहाँ त्यत्तै पडिरहन् परेको ।

त्यसको एउटा मालिक थियो रे । जोडा जाँदै त : ककी हीरा-पकेटबाट झरेको थियो रे । त्यसरी त्यो रुमाल बिनामालिकको हुन पुगी परिचयहीन – व्यक्तित्व विहीन हुन पुगेछ । च्यः च्यः बिचरो !

त्यो ठाउँमा फर्किएर म पुग्दा त्यस्तै कुराहरू चलिरहेका रहेछन् । त्यसको हीरकेटबाट खोज्ने थियो' तर काको ? कसैले 'देखें' भन सकेन । ती कुरा सुन्दा मलाई रमाइलो लाग्यो ।

रुमालको आफ्नो आकार प्रकार छ, राम्रो बुट्टे किनारी भएको सफा र पऱ्याइएकोछ, वास्ना पनि आइरहेको छ, जाडी हेरेमा ओजन फेला पर्नेछ । नंग्रान्त जस्तो छ । नरम छ । सबै कुरा छन तर मालिक नभएको हुंदा सडकको लुते कुक्कुर जस्तो बनेको छ ।

म त्यतै गइरहें ।

'उः आयो मर्स्या, त्यसैको त होइन ? लिन आयो ।' मतिर आँखाले संकेत गर्दै एउटाले साउती गरेको सुनें । घर गएर ऐनामा आफ्नो मुख हेर्न मनलाग्यो । म जस्तो 'मर्स्या' कस्तो हुंदो हो ? मेरो त्यस बेलाको धोती नै 'मर्स्या' हो भने ती धोती लगाउने राम, कृष्ण, ब्रम्हा, विष्णु महेशहरू नभिने हुन पुग्छन् । त्यती मात्र कहाँ र ? मेरी आमा, बज्यै र मैले पहिले देखेका सबै र अहिले देखिरहेका धेरै नारीहरू धोती नै लगाउने हुंदा मधिने ठहरिने भन नभएमा धोतीको सट्टा कट्टु लगाए वेश ।

त्यो साउतेआई आकोले जवाफ दियो, – 'त्यसको रुमाल होइन यो, कति मीठो वास्ना आइरहेको छ, कति सफा छ । मर्स्यासित पनि यस्तो रुमाल हुन सक्छ र ? ' त्यो जवाफ सुनेर मेरो चित्त बुझ्यो । जुत्ता र रुमाल बाटै चिनिने देशमा म जन्मिएको हुं । हामी कहाँ समुराली अउँदा भिना-ज्यूका जुत्ता कसरी चम्याङ्ग मम्याङ्ग गर्दै खबर दिंदै कट्याक कट्याक गर्दै आउँथे । उहाँको माथिल्लो खल्तीमा सिंगान पुछने पहेंलो रुमाल पनि हुन्थे – वास्ना आउँथे ।

CC-0. In Public Domain. Digitization by eGangotri

नजिक पुगेर त्यहाँ उभिएका ८ - १० जनालाई मैले सोधें, 'कसको हो यो ?' – रुनाइलो लाग्यो । 'जानी भए पनि टिपेर लैजा, यही लिन यहाँसम्म आएको होइनस र ?' पहिलो साउती गर्दैले भन्यो । त्यो रूमाल लिन भारत देखि यहाँ आई ५ त्यहाँ भएको हुं भन्ने तितो भाव त्यसको चिम्पन्जी जस्तो मुखमा प्रकट भयो ।

त्यस्तो बेस्वादको मुखमा उसकी पत्नीले कसरी म्वाइ खान सक्नी हो ? मलाई हाँसो उठ्यो । त्यसको मुखको स्वाद फिर्ताउन बाङ्गा भुकुमेल दिन्छु भनेर खल्ती छामे, रहेन छन् । के गर्नु जिविकक हाँदै त्यही कुनातिर उभिएर हाच्छ्युं गर्न थाले म ।

हाच्छ्युं गरिसकेपछि हेर्दा एउटा गजक परेको र देख्तैमा शाखा अधिकृत भन्न सकिने मानिस कम्मरबाट लच्किदै, दाहिने पाईलो टेक्दा देब्रे-तिर र देब्रेले टेक्दा दाहिने कुमतिर टाउको ढक्काउँदै, जोर्जा क्षितिज तिर हेर्दै – तर त्यहाँ क्षितिज त्यति तल थिएन – त्यता आयो । सबैले मलाई बिसिएर सम्मान साथ त्यसलाई हेरे। एउटाले नजर भएर भन्यो, – 'नमस्कार हजूर, अघि यतैबाट सवारी भएको होइन र ? गोजीबाट हजूरको रूमाल खसिकनेछ उः त्यहीं' ।

तर त्यो सेतो दौरा सुरूवाल र काली कोट टोपी जुत्ताले सुन्यो न सुन्यै गऱ्यो र गयो ।

'अन्तः शुद्धमा काम गर्दैछ जस्तो छ, कसरी टिम्किदै हिंडेको हेर त .. – ।

'टिम्किएको मात्रै ? कोटका जम्मै खल्तीमा एक एक वटा घर भए जस्तो पो गऱ्यो .. त्यसको रूमाल थिएन भने मेरो होइन भनेको भए के हुन्थ्यो . . ' कुरा भुं तर कसैले आफूलाई न चिनोस् जस्तो गर्दै एउटाले भन्यो ।

'कस्को रूमाल खसेछ ? यहाँ ?' त्यत तिर आउँदो साइकिलवाट ओह्लिएर रूमालतिर निहुरिन खोज्दै खुइलिएको जीन प्यान्टधारी युवकको मुखबाट निस्कियो ।

'हो, तेरो बजेको हो । लै जा लगेर बुझाइ दे ।' एउटा उस्तै कटमेरो ठिटोले भन्यो । त्यसो सुन्नासाथ केटोको मुख जीन झैं नै खुइ-लियो । आफ्नो साइकलको प्याडलमा उसले खुट्टा राख्यो र कुदिहाल्यो त्यहाँ-बाट ।

CC-0. In Public Domain. Digitization by eGangotri

'रूमाल त असलै जस्तो छ, कम्तिमा सात रुपैं पॅर्ला'। एउटाले लोभिएर भन्यो त्यो भीड भित्रबाट। 'त्यस्ता रूमाल कति आए कति। नौतु-नामा अस्सी पैनामा पाइन्छ।' उभिएको आर्को लाहुरे जस्तोले भन्यो।

'हुन्छ त नौतुना गैहाल र किनेर ल्याउ। हेर्री त कति खर्च हुंदो रहेछ?' आर्काले निकै चंख जस्तो हुन खोज्दै व्यंग्य गऱ्यो।

त्यतिकैमा एकाएक त्याहाँ चकमन्न शान्ति छायो। सडकका दुवै-तिर त्यस बेला रहेका ती आठ दस जनाको मुन्टो मुनितिर र कर्के आँखा दाहिनेतिर फर्किए। पुंडा सम्मको स्कर्ट र ब्लाउज पैह्एकी दुईवटी ठिटी-हरू राजेन्द्र जासूसका तिनवटा किताब काखीमा च्यापेर र टाउकोमा गुज-मुजिएका कपालमा गो गो गगल्स अड्याएर जसरी आइ रहेका थिए त्यस गरी त्यो रूमालकाई हेर्दै नहेरी गए गए। हावामा हल्लंगको सस्तो "इन्टिमेट" को रन्थनाउने वासना फैलियो। सबैका दृष्टि तिन्का पिठ्युंका सेता ब्लाउज भित्र देखा परिरहेका ब्रासिएरका डाम र भित्ते घडीमा दाहिने देब्रे गरेर हल्लिरहने लंगुर झैं यताउता र तलमाथि भइरहेका गोल नितम्ब-रतिर फर्किरहे। सिर्डीलाका त कुरै न गरौं, क्या रामा, टपरी गांस्न हुने सिन्का जस्ता।

अनि सबैको ध्यान सडकको त्यो रूमाल तिर एकै पटक फर्कियो। सबै चाल्ल परे। ती 'गो गो' को पनि रहेनछ त त्यो रूमाल?

"त्यसो भए सके कसैको पनि होइन यो रूमाल,।" एउटाको मुखबाट सुस्तरी निस्कियो तर मैले बाहेक कसैले सुनेन।

उता सडकका दुबै तिर उभिएकाहरूमा चर्चा चलि नै रहे, ने. रा. प्र. प्र. मा सांस्कृतिक कार्यक्रम हेरेर फर्किएकाहरूमा देखिनै वातावरण बस्तै।

"एः हेर त त्यो रूमालमा पट्याएर नोट राखेको त छैन कसै-ले? स्वास्नी मान्छेहरूले अचेल कम्मरमा घुसार्ने छोडेर रूमालमा पट्या-एर राख्ने गर्न थालेका छन्?"

"तैले झुक्याउन खोजेर हुन्छ? बरु सिगान पुछेर नत्र ढाल राखेर पटघाएको होला। त्यस्तै रूमाल पनि खोइ!"

"रूमाल त सकै देखिन्छ, किन त्यस्तो फोहोर बोल्नु हुँ?' – कसै-ले विरोध गऱ्यो।

"बाहिरबाट हेर्दा को सुथर छैन र? भित्र पो हेर्नु पर्छ। ठला मोटर

CC-0. In Public Domain. Digitization by eGangotri

बढेर हिंड्नेहरू नै तन र मनमा सबभन्दा फोहरी हुन्छन् नी । बाहिरबाट हेरेर के बुझिन्छ ? त्यसै बोल्छस् बुझ्नु छैन उः हेर त्यो ठेलावाला आयो । त्यसले रूमाल टिप्छ अनि हेर त्यसको सातो खान्छु म ।" – हुलको सबभन्दा पछाडिले अघि सरेर जवाफ लगायो र राघे बुशर्टको बाहुला सुर्किन थाल्यो ।

ठेला आयो र अघि गयो । एउटा ज्यनीले रूमाल माथि कुल्चिसकेछ पनि ।

"ए दाइ, आफ्नो रूमाल झारेछौ त्याहाँ, लैजाउ ।"

"हामी हैन जस्को हो उसैले टिपोस् । अरूको माल लिएर के गर्नु ?" ती ज्यामीहरू अड्न समेत अडेनन् । त्यो रित्तो ठेला गयो खड्खड् – खड्खड् गर्दै । दर्शकहरूका कानमा तिनका शब्द सुनिइरहे । "रातका चोर, दिनका साधु !" सातो खान खोज्नेले अमिलो स्वाद खेलाउँदै भन्यो ।

"अबेल त यिनीहरू नै बढेकाछन् । साले माले – मसाले ?"

"हेर बाबु, अरूलाई त्यसरी किन भाली गर्नु ? मिहिनेत गर्छन, कमाउँछन्, आधा पेट खान्छन् । तिमीसित माग्दैनन् ।" एउटा बुढाले गाडा पछि पछि जाँदै भन्यो ।

"मैले – मशाले भन्दैमा गाली भयो र ? तिनले बुझेका पनि त छैनन् – क्या हो माले – मशाले भनेको ? त्यसै शिक्षा दिने । आफै लैजाउ न त त्यो रूमाल ।" उही राघेपाटेले च्याट्टिदै भन्यो ।

"होइन, के को झागडा हो यो ? एउटा सानो रूमालले यहाँ सबैलाई किन यसरी घिरेको ? कोही न टिप्ने भए नगर पंचायतलाई नत्र प्रहरीलाई खबर गरे भइहाल्यो नी आउँछन् लैजान्छन् भै हाल्यो ।" बडबडाउँदै त्यो बूढो पनि गयो ।

"उः सुन्यौ सल्लाहा ! नगर पंचायत बोलाउ रे ! बौलाहा कुक्कुरको बिगबिगी हुँदा र टोलभरी मेनेन्जाइटिस बढ्दा त चुपलागेर बस्ने नगर पंचायतले रूमाल टिप्छ ? भो, भो बुझियो !"

सडकको दुबैतिर मानिसहरू आउँदै जाँदै गरिरहे । सडकमा दुबै छेउको भीड पनि गफ छाँटदै बढ्दै गएर सडक साँघुरिँदै गयो । टिटीहरू लाज मान्दै, मुख रातो पार्दै निहुरिएरै सबैलाई बिचार गर्दै आईरहे । त्यस्तैमा भलादमी जस्तो एउटा मानिस थाहै नपाई रूमाल नजिकै उभिन पुग्यो र वातावरणलाई नबुझेर सबैलाई हुने गरी त्यसले सोध्यो – "के भयो हँ यहाँ ?"

CC-0. In Public Domain. Digitization by eGangotri

" सिजाइडी हो क्यारे ।" कैदीका मनमा सररर शंका भयो। केही त खुलुक त्यहाँबाट एकातिर हिंडे पनि । कुनाबाट एउटाले गीत हाल्यो – –

" नहुमा खोको पैसा चिमटाले टिपीकन,
पखाली जेवमा हाली सुपारी किनि खाऊन ! "

त्यो मानिस अलमल्ल पऱ्यो । मुख रातो पाऱ्यो । सडकमा यताउति हेऱ्यो अनि मात्र त्यो बास्ता आइरहेको रुमालले आफ्नो मुटु नजिकै देख्यो । उसका हात चलमलाए तर तुरुन्तै टक्क अडे । सोझै सडक अगाडि हेर्दै लम् लगी गइ पनि हाल्यो त्यो । पाँच पाइलो पनि न जाँदै उसले आफू पछि पछि आइरहेको बिस्का सुन्यो । र झस्क भ्यो ।

उही कुनाबाट आर्को गीतको टुक्का आयो – –

" हरिहर डुबको तर लुगा च्याते घर "

सबैका मुख पहिले त्यही कुना तिर फर्किए अनि फेरि बिचरो उही स्वामीहीन रुमालतिर गएर निश्चल अडिरहे – निष्काम, स्पृहाहीन, वासना रहित, वेदान्ती ! म आफ्नो सास चलेको आफैं सुन्न थालें ।

" उफ ! " – सबैले एकै पटक लामो सास छोडे ।

" के भएको यो ? हामीलाई काम छैन कि क्या हो म त हिंडे । " भन्दै एउटाले बाटो लाग्यो । त्यो हिंडेपछि सबै जना त्यसको पछि – पछि लाए कि आएन् भन्ने बुझ्न पछिलितर फर्किएर हेऱ्यो । तर सबै आफ्नै ठाउँमा निश्चल उभिएर रुमाललाई हेरिरहे – त्यसबाट आएको झीनो बास्नालाई सुंघ्न खोजिरहे ।

" ए भाइ, यो सनस्यालाई त टुंगो लगाउनै पऱ्यो, तेरो घर यहीं होइन ? " – एउटाले भन्यो ।

" हो यहीं हो घर तर भएर के ? कसरी टुंगो लगाउने ? " छेउकोले जवाफ दियो ।

" केही त गर्नै पऱ्यो, यसरी त हुंदै भएन । हेर त कस्तो बित्याते रुमाउ रहेछ ! "

" हो, भएन ! तर के गर्ने ? "

" सोचौं रामुरी । "

" ओ हिड त रामुरी सोचौं ! माथि मेरो कोठामा अझै सुर्किन मात्र पुग्ने जति छ, तर सितन के गर्ने ? " – निक्कै बेर देखि उभिएर

CC-0. In Public Domain. Digitization by eGangotri

रमिता हेरिरहेका ती दुवै मित्र छेउको घर भित्र पसे ।

" यस्तोले देख बनाउने रे, बहुदल चाहिंगो रे, हेरुस ! दिउँसै जाँड खानु पऱ्यो, निहुँ थाप्छन बिचरो रूमालको ! " आर्का दुईजना पनि हिंडे र जांदा जांदै अगिलो स्वाद खेलाउँदै टिप्पणी गरे, – " त्यस्तो पीर परेको भए टिपेर नालमा हालिदिएको भए यसरी हाम्रो समय खेर जान्थ्यो ? काम घाम केही छैन गफ मात्र । " त्यसो भन्दै ती दुवै मानिस परै पुगे ।

" देख्यौ करले तिनलाई यहाँ उभिनु भनेको थियो ? उस्को समय खेर गयो रे । हामी काम घाम नगर्ने रे । हामी बेकाम्मा हौं ? लौ भन त ! " – पहिलो स्वर ।

" हो त नी, त्यसै घाउरिएर जवाभावी बोल्ने जिब्रो छ भन्दैमा । हाम्रो जिब्रो छैन ? " – दोश्रो स्वर ।

" त्यति मात्र ? यस्तो रान्नो, चिटक्क परेको रूमालल्लाई नालमा फालिदिनु रे । भन्यो मात्र, नालतिर एक इन्च लगेको भए अनि थाहा पाउँथ्यो । राष्ट्रि सम्पत्ति होइन त यो रूमाल ?" मास्टर जस्तो तेश्रोको स्वर ।

" अहिले त सार्वजनिक सम्पत्ति पनि भइ सक्यो यो – हिना – भिना गरेमा ऐन कानून ले दण्ड सजाय दिने । " – चौथो स्वर कारिन्दा जस्तो देखिने एउटाको ।

" राष्ट्रिय सम्पत्ति होस्, न होस्, कुनै प्रेमिकालाई उपहार दिन लिएर हिंडेको थियो कि कुनै ठिटोले ? " – छेउको पसलमा हुक्का तानी रहेको पसलेको स्वर ।

" प्रेमीकाले नै आफनो ठिटोलाई दिन आँटेकी पनि त हुन सक्छ । " कुनाबाट कवि जस्तो तन्नेरीको स्वर ।

त्यो सम्भावनाको चर्चा हुनु के थियो सडकको दुवै पेटीको भीड चल्मलायो र एक पाइलो अघि सऱ्यो र दोश्रो पाइलो उचाल्दै ढल्न लागेका घरलाई मार्सगल्लीमा टेवाले अडाए झैं टक्क आफनै ठाउँमा अडियो । म झण्डै किचिएको त्यो रूमालोमा । सबैले मुखामुख गरे र कुरा बुझे । त्यो रूमालसित सबै रिसाए – " लुकाएर प्रेम पत्र लैजाने ! यस्तै काम बढेर त नेपाली ठिटीहरू कलकत्ता र बम्बईमा रण्डी हुन पुगेका हुन ? छिल्लिएका मोरीहरू " झण्डै सबैमा त्यस्तै त्यस्तै भावोदय भयो ।

" हो वा ! अस्ति सान्चाको घरमा भिडिओमा त्यो ठिटोले त्यस्तै रूमालमा पट्याएर जासूसी समाचार केजीबीलाई दिएकी थिई " – एउटा

CC-0. In Public Domain. Digitization by eGangotri

मरन च्याँसेले चुरोटको सर्को तान्दै भन्यो ।

" साँच्चै अचेल नेपालमा सान्है केजीबी बढेको छ । " प्रहरी पुकार भन्ने साप्ताहिक मा पढेनौ ? " – टोलको ठालूको स्वर । त्यो कुरा सुन्नु के थियो सबैको मन ढक्क फुल्यो, सबै मुखामुख गर्न थाले । ती मुखै राता भए अनि नीला स्वप्नपछि पहेंला ।

" यस्तै कुरा गर्नी अनि जनमतमा पहेलोलाई जिताऔ । बुझ्नु सुझ्नु छैन छिनमा रातो, छिनमा नीलो, छिनमा पहेंलो ! यो हिन्दी रंगिन सिनेमा होइन कि नील आर्म स्ट्रङ्गले भए पनि युरी गागारिनले स्पुन्ड्रिकबाट भए पनि कपैले यो सडकमा यहाँ आज खालेको एउटा हातै रुमाल मात्र हो, । हेर म देखाइ दिन्छु ! " भन्दै सान्है अन्योलमा परेको शुरु देखि सबै कुरा बुझिरहेको एउटा मानिस अघि सऱ्यो । सरासर रुमाल नजिकै हो पुगो र ढक्क अडियो । रुखका निधारमा चाउरी बढे, दुबै आँखि मै तकिएर आँउा ठूला ठूला भए । उसको मुखाकृतिमा बेचैनी रोषान्स जस्तै बढेर आयो । उ छातीनिरबाट रुमाल तिर निहुरिन थाल्यो । कम्मरबाट निहुरिन थाल्यो । सजिको निम्ति एक पाइलो पछि सरेर घुंडा दोब्याएर निहुरियो । भीड तर्सिदै गयो । अब के हुने ? ... मार्न आँट्यो यो च्याँसेले भन्ने विचार गर्दै रहयो । त्यो मानिसले बिस्तारै हात पसाऱ्यो र पसार्दै तल तल लग्यो । भीड अघिसऱ्यो र सबै जना ध्यानस्थित हेर्न थाँले । यस्ले आज विश्वास पार्न आँट्यो भनी सबै जना झन डराए । उसको हात एक ठाँउमा रुमाल नजिकै पुगेर काम्न थाल्यो । आफ्नो मुठ्ठीमा पाँचै औंलालाई गैडाको खाग झैं स्वस्ले ठाडा पारेर पहिले तन्काय्यो अनि कछुवाको टाउको र हात खुट्टा झैं खुम्च्याएर मुठ्ठी कस्यो । भीडले ध्यानस्थित हेरिरहयो । त्यो जमातलाई असह्य लाग्दै आयो । त्यो मानिसले बूढी औंला र चोरी औंलालाई मुठीबाट सुस्तरी बाहिर शिक्यो र रुमाल तिर तेर्स्याउँदै बिस्तारै दुबै औंलालाई जोर्न समेत खोज्दै रुमालबाट आधा इन्चि जति सम्म पुऱ्यायो । त्यो सस्पेन्सलाई भीडले सहन सकेन र " भै गयो । भै गयो जान देउ, रुमालाई त्यहीं छाडि देउ । " भनी चिच्याउनै आँटेको थियो कि त्यो वीर पुरुष आफै त्यहीं ढल्नङ्ग लड्यो ।

" अलच्छिना रुमाल ! " – कयौंका मुखबाट निस्कियो । केही युवकले त्यो रुमालबाट टाढै रहेर त्यहाँ लडेको मानिसलाई उनिन झट्पट् सहायता पनि गरे । एक पटक फेरि सबैको दृष्टि त्यो रुमालतिर गयो ; सबैमा रुमाल र स्वामी प्रति घरम रोष र घृणाको भाव उदायो ।

CC-0. In Public Domain. Digitization by eGangotri

"होइन कस्के खसाल्यो यो रूमाल यहाँ ? तिमीहरू त यहीं थियौ नी।" – कॉठबाट आएर सहरिया हुन थालेको एउटा जुंघा मुठेल सबैलाई ठूला ठूला आँखाले क्वारक्वार्ती हेर्दै हकार्दै झैं सोध्यो।

"म त भर्खर आएको, कुनि कसले खसाल्यो के थाहा पाउनु ?" चुरोट सल्काउन खोज्दै कलेजछोरा जस्तो देखिने एउटाले मनमनै गुन्गुनायो तर सबैले सुने।

"त्यसो भोर हुन्छ ? यो टोल नै भाँडिएला जस्तो भइसक्यो। यस्तो बित्यासमा सबैलाई यसरी पानी पाइन्छ के ! पत्ता लगाउनै पर्यो कस्को हो यो। लाटोले केरा हेरे झैं यहाँ ठिंग उभिरहेर के हुन्छ ? लौ खोज्नु पर्यो को हो त्यो !" बुद्धिमान समाधान दिए झैं गहिरो स्वरमा जुंघा मुठेले भन्यो र "ल पत्ता लगाइ राख्नु म अहिले आएर बोलाउन पठाउँछु त्यसलाई" भन्दै त्यहाँबाट हिंड्यो। त्यो जुंघा मुठे त्याहाँबाट हिंडेको सबैलाई खल्लो लाग्यो र सबैले आफूलाई असहाय ठान्न थाले। त्यो लडेको मानिस अझै सम्म कामिरहेे झैं थियो। एउटाले आफूले बिडी सल्कायो र त्यसलाई तान्न दियो। लँदा बिडी निभ्यो। आफ्नो बिडी सित्तै गएकोमा त्यसको चित्त दुख्यो र सबैले देखने गरी त्यसले रूमाल तिर तर केही पर पिच्च थुक्यो।

"ए: के गरेको त्यस्तो ! रूमालमा परेको भए ? जान्नु न सुन्नु रिसाएर हुन्छ। कसैले अलच्छिना भन्दैमा हुन्छ ?' तर त्यसले आफ्ना कुरा भनिसक्न पाएन। उतावाट रंगी चंगी फ्रान्ले शिफनमा बेह्रिएकी एउटी अधबैंशे आधुनिका आउन थालेकी देखेर सबैमा सररर साहस फर्क्यो। "अब के हुन्छ ?" भन्ने भाव तिनीहरूका मुखमा देखियो। सबै केही ताजा भए।

रूमालतिर पुगेर ती आधुनिका अडिन्, चारैतिर सबैको मुखमा हेरिन् र दृष्टिलाई रूमालतिर फेरि फर्काइन। त्यो रूमाल टिपुं कि न टिपुं भन्ने तिनको मुखको भावलाई सबैले बुझे। अब सबै झन प्रश्नन्न भए।

"तपाईंकै रूमाल त हो नी, अघि यताबाट जांदा खसाल्नु भएको थियो, कसो फर्काएर आउनु भयो ...।" – दुईजनाको मुखबाट निस्कियो। त्याहाँ रहेका अन्य सबै रूमाल र आधुनिकलाई घांटी तानेर हेर्न थाले। सुन्दरी नारीले त्यसबेला त्यहाँको त्यो समस्यालाई सजिले टारिदिने देखेर सबै सन्तुष्ट हुन थाले।

"हुन त मेरै जस्तो छ ... तर यतिका बेर भइ सक्यो तैपनि

CC-0. In Public Domain. Digitization by eGangotri

मरन चाहेले चुरोटको सर्को तान्दै भन्यो ।

" सांच्चै अचेल नेपालमा सान्है केजीबी बढेको छ । " प्रहरी पुकार भन्ने सान्तहिक मा पहेनी ? " – टोलको ठालूको स्वर । त्यो कुरा सुन्नु के थियो सबैको मन ढक्क फुल्यो, सबै मुखामुख गर्न थाले । ती मुखै राता भए अनि नीला त्यसपछि पहेंला ।

" यस्तै कुरा गर्ने अनि जनमतमा पैहेलोलाई जिताउने । बुझ्नु सुझ्नु छैन छिनमा रातो, छिनमा नीलो, छिनमा पहेंलो ! यो हिन्दी रंगिन सिनेमा होइन कि नील आर्म स्ट्रङ्गले भए पनि युरी गागरिनले स्पुन्द्रिकबाट भए पनि कसैले यो सडकमा यहाँ आज खालेको एउटा हातै रुमाल मात्र हो, । हेर म देखाइ दिन्छु ! " भन्दै सान्है अन्योलमा परेको झुक देखि सबै कुरा बुझिहेको एउटा मानिस अघि सर्यो । सरासर रुमाल नजिकै हो पुग्यो र ढक्क अडियो । रातका निधारमा चाउरी बढे, दुवै आँखा नै तकिएर आँउा ठूला ठूला भए । उसको मुखाकृतिमा बेचैनी रोधान्स जस्तै बढेर आयो । उ छातीनिरबाट रुमाल तिर निहुरिन थाल्यो । कम्मरबाट निहुरिन थाल्यो । सजिलो निम्ति एक पाइलो पछि सरेर घुंडा दोब्याएर निहुरियो । भीड तर्सिदै गयो । अब के हुने ? — मार्न आँट्यो यो चाँबेले भन्ने विचार गर्दै रहयो । त्यो मानिसले बिस्तारै हात पसार्यो र पसार्दै तल तल लग्यो । भीड अधिसर्यो र सबै जना आनसित हेर्न थाले । यस्ले आज विश्वास पार्न आँट्यो भनी सबै जना छक्क परे । उसको हात एक ठाँउमा रुमाल नजिकै पुगेर काम्न थाल्यो । आफ्नो मुठ्ठीमा पाँचै औंलालाई गैंडाको खाग झैं त्यसले ठाडा पारेर पहिले तन्काय्यो अनि कछुवाको टाउको र हात खुट्टा झैं खुम्च्याएर मुठ्ठी कस्यो । भीडले ध्यानसित हेरिरहयो । त्यो जमातलाई असहय लाग्दै आयो । त्यो मानिसले बूढी औंला र चोरी औंलालाई मुठीबाट सुस्तरी बाहिर झिक्यो र रुमाल तिर तेर्स्याउँदै बिस्तारै दुवै औंलालाई जोर्न समेत खोज्दै रुमालबाट आधा इन्चि जति सम्म पुऱ्याय्यो । त्यो सस्पेन्सलाई भीडले सहन सकेन र " भै गयो । भै गयो जान देउ, रुमाललाई त्यहीं छाडि देउ । " भनी बिच्चउने आँटेको थियो कि त्यो वीर पुरुष आफै त्यहीं उछ्रङ्ग लह्यो ।

" अलच्छिना रुमाल ! " – कसैका मुखबाट निस्कियो । केही युवकले त्यो रुमालबाट टाढै रहेर त्यहाँ लडेको मानिसलाई उनिन झट्पट् सहायता पनि गरे । एक पटक फेरि सबैको दृष्टि त्यो रुमालतिर गयो । सबैमा रुमाल र स्वामी प्रति चरम रोष र घृणाको भाव उदायो ।

CC-0. In Public Domain. Digitization by eGangotri

"होइन कस्ले खसाल्यो यो रुमाल यहाँ ? तिमीहरू त यहीं थियौ नी।" – कॉठबाट आएर सहरिया हुन थालेको एउटा जुंघा मुठेल सबैलाई ठूला ठूला आँखाले बारबारी हेर्दै हकार्दै झैं सोध्यो।

"म त भर्खर आएको, कुनि कसले खसाल्यो के थाहा पाउनु ?" चुरोट सल्काउन खोज्दै कलेजछोरा जस्तो देखिने एउटाले मनमनै गुन्गुनायो तर सबैले सुने।

"त्यसो भोर हुन्छ ? यो टोल नै भाँडिएला जस्तो भइसक्यो। यस्तो बित्यासमा सबैलाई यसरी पार्नै फाइन्छ के ! पत्ता लगाउनै पर्यो कस्को हो यो। लाटोले केरा हेरे झैं यहाँ ठिंग उभिरहेर के हुन्छ ? लौ खोज्नु पर्यो को हो त्यो !" बुद्धिमान समाधान दिए झैं गहिरो स्वरमा जुंघा मुठेले भन्यो र "ल पत्ता लगाइ राख्नु म अहिले आएर बोलाउन पठाउँछु त्यसलाई" भन्दै त्यहाँबाट हिंड्यो। त्यो जुंघा मुठे त्याहाँबाट हिंडेको सबैलाई खल्लो लाग्यो र सबैले आफूलाई असहाय ठान्न थाले। त्यो लडेको मानिस अझै सम्म कामिरहे झैं थियो। एउटाले आफूले बिडी सल्कायो र त्यसलाई तान्न दियो। लँदा बिडी निभ्यो। आफ्नो बिडी सित्तै गएकोमा त्यसको चित्त दुख्यो र सबैले देख्ने गरी त्यसले रुमाल तिर तर केही पर पिच्च थुक्यो।

"ए: के गरेको त्यस्तो ! रुमालमा परेको भए ? जान्नु न सुन्नु रिसाएर हुन्छ। कसैले अलच्छिना भन्दैमा हुन्छ ?' तर त्यसले आफ्ना कुरा भनिसक्न पाएन। उताबाट रंगी चंगी फ्रान्ले शिफनमा बेह्रिएकी एउटी अधबैशे आधुनिका आउन थालेकी देखेर सबैमा सररर साहस फर्क्यो। "अब के हुन्छ ?" भन्ने भाव तिनीहरूका मुखमा देखियो। सबै केही ताजा भए।

रुमालनिर पुगेर ती आधुनिका अडिन्, चारैतिर सबैको मुखमा हेरिन् र दृष्टिलाई रुमालतिर फेरि फर्काइन। त्यो रुमाल टिपुं कि न टिपुं भन्ने तिनको मुखको भावलाई सबैले बुझे। अब सबै झन प्रश्नन्न भए।

"तपाईंकै रुमाल त हो नी, अघि यताबाट जांदा खसाल्नु भएको थियो, कसो फर्काएर आउनु भयो —।" – दुईजनाको मुखबाट निस्कियो। त्याहाँ रहेका अन्य सबै रुमाल र आधुनिकलाई घांटी तानेर हेर्न थाले। सुन्दरी नारीले त्यसबेला त्यहाँको त्यो समस्यालाई सजिलै टारिदिने देखेर सबै सन्तुष्ट हुन थाले।

"हुन त मेरै जस्तो छ ... तर यतिका बेर भइ सक्यो तैपनि

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्यौं ... "

आयुनिकाले थंका गरी गरी रुमाल टिप्दै ओंठदा एउटाले भनि हाल्यो, – " त्यसो भए त ताईंको दोश्रो, न छुनोस त्यसलाई। आफ्नो बाटो लाग्नोस्।"

आयुनिका केही आत्तिइन् र कपैलाई नहेरी रुमालमा आँखा गाडेर, – " मेरै नै हो जस्तो छ, हेरी हाजूं न । " हुन्न हुन्न " भरुको माउ सडकमा बसेका छिन् ? " आयुनिकाको स्वरको दुविधा माथि ध्यान दिंदै कपैले फेरि विरोध गरे। सडक छेउको एउटा घरको झ्यालबाट सुरु देखि ती सबै जुरा ट्वाम्म स्वरै हेरिरहेकी तीन जनामा एउटाले भनी – 'छिलिङ्दी!" – यसो भनि झ्याल तिर फर्किइको। झ्यालबाट एउटी तरुनीको मुख फ्याट भित्रतिर गयो। अरु दुई जना झ्यालमै थिए।

आयुनिकाको मुख रातो भएर रिसायो। " अरुको भए पनि के त । मेरो रुमालमा एउटा सांयो र दश रुपियाँको नोट थियो ! " भन्दा भन्दै तिन्ले रुमाल टिपिन्। तर रुमालले जमीन छोउन पाउने भन्दा पहिले नै चारै तिरबाट " हेर हेर, लऊल, " भन्ने स्वर सुनियो। " मोराहरू ! आफ्नो रुमाल पनि टिप्न नपाइने। जाबो दश रुपियाँले के गर्छ भार्को सांयो पनि छदै छ नि, भै गयो, मसानमा झैं कुरिराख यो रुमाललई। चाहिन्न मलाई। " भन्दै सबैलाई आँखाले निलुंला झैं गर्दै तर रुनमात्र बाँकी रहेकी जस्ती भएर तिनी गइन्।

" ए, हिप् पाकेटबाट खसेको रुमाल भनेर अघि कुरा गर्ने को हो हं ? त्यस्तै हुन्छ हिप पाकेट भनेको ! स्वाँठ ! त्यसै छक्काइ दिने ! " भीडको बीचबाट एउटाले ती जांदी नारीतिर हातले देखाउँदै कड्क्यो।

अघि रुमाल टिप्न खोज्दा लड्ने मानिसतिर अत्यन्त घृणाभावले सबै हेरिरहे। बोराहरूका ठूला ठूला चाँज बोकेर उही ठेला गाडा फर्कियो। सबैले बाटो छोडिदिए।

" आफूलाई भारी बोक्दा बोक्दा मर्नु छ एक घण्टा देखि सिंगै सडक कुरि रहेछन् ! " – ठेला घचेटदै गएको एउटा ज्यामीको आवाज परबाट आयो

मलाई फर्किएर आएको देखेर त्यहाँ उही अघिकोले चिन्यो र भन्यो – " पक्का मर्स्या रैछ। अघि भैले धोती कुर्ता भनेको सुनेछ र अहिले सुटेड बुटेड भएर आयो। जासूस भनेका यस्तै हुन्छन्। गुरु गलाई चिनाइदेउ है भोली।'

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई रमाइलो लाग्यो र शुद्ध नेपाली बोल्न खोज्दै सोधें, – " दाइ, यो कसको रूमाल रहेछ ? चिन्या चिन्या जस्तो पनि छ। बास्ना पनि उस्तै छ ? "

" लवस्तरो ? एउटी लवस्तरी गइ अर्को आयो ! जसका हो आइ हाल्छ नि । घरमा धोती सुकिसक्यो होला तेरो जा, गएर चुन्या । "

मैले जा ु नै पर्थ्यो गएं । तर मनले मानेन र एक घण्टा पछि फेरि फर्किएर त्यहीं आएं । भीडको अधिल्तिर भुराहरू र पछिल्तिर पु ि हरू जम्मा भैसकेछन् । फेरि के भएछ भनी बुझ्दा त सडकको बीचमा कसैले पर्चाको मुठै छन्यो रे र भीडले पुलिसलाई त्याहाँ भित्र पर्चा नगीचै जान दिएन रे ।

" त्यो रूमाल मै त पोको पारेर पर्चा त्याएको थियो रे ! गजबको पर्चा छ रे केजीवीले यहाँ पैसा बाँडेको सबै लेखेको छ रे " – भीड भित्र पस्न खोजेर न सकेको एउटाले मलाई निकै रुचि साथ बतायो । त्यो कुरा सुनेर आर्कोले प्रतिवादमा भन्यो, – " कहाँको पर्चा हु ु ? कुन चाहिं छिल्लिएकीले हिंडदा – हिंडदै सेमीजवाट "सजिलो" खसाली रे अघि भर्खरै ?" आर्कोले त्यो पनि होइन भनेर रूमाल नै छ भन्यो ।

" तर कस्को रूमाल रहेछ त ? "

" कुन्नि कुन अडिटर भन्नेले खसालेको रे । " भोलीको प्रहरी पुकार भन्ने – अखबारमा जम्मै कुरा आउँछ रे । सिंह दरबारको ढोकैमा त्यो अडिटर समातियो पनि रे । झण्डै पस्न आँटिसकेको मोरो रे ! "

आफ्नो त्यो रूमाल त्यसरी क्रान्तिकारी समेत हुन पुगेकोमा मलाई गौरव बढ्यो । आफूलाई त्याहाँ वाटोमा त्यसवेला एउटा रूमाल खसालेर भने रमाइलो गर्नु पर्ने जानेरै रमाइलो गरेछु । रूमाल न खसालेर झन टोपी नै त्यहाँ सुटुक्क राखेर आफू हिंडिएको भए ? भुईचालो नै जाने रहेनछ त?

[३१ अगस्ट, '८३ मा वाराणसीको भैरव नाथको मन्दिर को गल्लीमा खसेको रूमाल वारे एउटा पसले र एउटा कुल्ली बीच मेरा सामू आदान – प्रदान भएका दुई वाक्यका आधारमा]

।ॐ।

CC-0. In Public Domain. Digitization by eGangotri

चुस्तक / चुस्तक

बाबुराम लामिछने

आज - साझ

धर्ती रोयो, धर्तीका तारा रोए
आकाश रोयो, आकाशका तारा रोए
घाम – जुन रोए, हावा रोयो
मेरा आँखै रोए, अथवा –
यो ब्रह्माण्ड रोयो –
तब सागर कसरी नुनिलो भयो ? ।।

कारण

जुन कारणले सम्मानित हुनुभएको छ तपाईं
त्यही कारणले अपमानित भएकाछौं हामी
जुन कारणले बन्दु भएको छ तपाईं
त्यही कारणले बर्बाद भएका छौं हामी । ।।

लक्ष्य

गाउँ – गाउँ बीच दूरी छ हिंडेर छोट्याउनु पर्ने
मान्छे – मान्छे बीच दूरी छ पहाड नै हटाउनु पर्ने
समरभावको उचाइ त के हो र ?
धर्ती र आकाश बीच दूरी छ युग – युगलं मेटाउनु पर्ने । ।।

तिनी

फूल झैं निर्दोष छन् तिनी
छोए पनि दाग लाग्छ
आँधी – बेरीना परेकी छन् तिनी
नछोए पनि पाप लाग्छ । ।

भ. म. पौडेल

क्यारथून

ठूलो भारी बोझन पाउने आशाले
एक्सप्रेस बसको पछिपछि दगुरिरहेका
भरियाहरू देख्दा लाग्छ,
सहीद गेटका सालीकहरू
सजीव भएर म्याराथून दौडिरहेका छन् । ।।

CC-0. In Public Domain. Digitization by eGangotri

रामचन्द्र फूर्सती

छिटो छरितो

हाली मध्ये त कति यस्ता छौं
पिंडालू खाएर पेंडाको धाक लगाउँछौं
ठेकिएको काम छिटो छरितोसँग गर्नु पर्दा
गर्धेन झ्याङ्खिवाट हात घुमाएर नाक समाउँछौं
।।ज्ञ।

ज्ञ

संरक्षकको दृष्टिमा काम छल्न पल्केको जागिरे
सन्तुलिको दृष्टिमा कमाउन नसक्ने लवस्तरे
छिमेकीको दृष्टिमा नोट कुम्ल्याएर बस्नेको रे
आफ्नो दृष्टिमा केवल बाँच्नै नगमा अल्झेको छु रे
।।ज्ञ।

ईश्वर पोखरेल

कार्यकर्ता

राजनीति गर्फ हो,
र आदर्श चिया हो भने –
कार्यकर्ता –
सुलाहा गेलाले चिया खाने 'कप' हो !
।।ज्ञ।

पैसाको महत्व

पैसामा यौटा यस्तो हरक हुन्छ,
जुन नजिक पुगेपछि –
मान्छेको प्रत्येक व्यवहारमा फरक हुन्छ !
।।ज्ञ।

व्यङ्ग

मसँग दुईटा कोट छन्,
कोटले छोप्ने गरेका हज्जार – हज्जार
चोट छन्,
र चोट मुसेल्न लाई –
फगत एकजोर ओठ छन् !
।।ज्ञ।

शुभाष चन्द्र पौड्याल

पेट र मुख

कसैको पेट छ, मुख छैन
कसैको मुख छ, पेट छैन
तर आपशोच,
हामी त पेट पनि छैन, मुख पनि छैन ।
।।ज्ञ।

देश

कसैले केही हराएका छन्
कसैले केही हराएका छन्
मेले त देश हराएको छु
जुन देश खोज्न म
टुंडिखेलमा उर्दी लाग्नेको बेला
राष्ट्रिय पोशाकलाई
एक – एक नियाल्न थालेको छु ।
।।ज्ञ।

CC-0. In Public Domain. Digitization by eGangotri

पर्यालोकन

१. (पुस्तकको नाम : केही चिन्तन केही सन्धान (विभिन्न लेखहरूको संगालो) लेखक : घनश्याम राजकर्णिकार/प्रकाशिका: श्रीमती शान्ता राजकर्णिकार, कमल पोखरी, काठमाडौं / पृष्ठ: १५६ + २२ । मूल्य रु. ७५०)

काक द्वीप ब० आ०

जीवनको सुख दुःखलाई समेटदै आफ्नो अनुभव र कल्पना गाँसेर बनाएको यस ललित साहित्यको आफ्नै विशेषता छ । यात्रा संस्मरण, चर्चा परिचर्चा, एकांकी नाटकहरू, लघुकथाहरू एवं आर्थिक विषयका उपयोगी लेखहरू भएको यो यौटा रोचक पुस्तक हो । यो पुस्तक क्रमशः पढ्दै जाँदा सर्व प्रथम जापानमा बितेका केही दिन भन्ने लेखमा लेखकको अनुभूति अल्हादित भएको पाइन्छ । जापानको औद्योगिक विकासले संपूर्ण संसारलाई नै प्रभावित तुल्याइराखेको छ । ठूलठूला भव्य उद्योगहरूका साथै जापानी साना साना उद्योगले समेत विश्वलाई नै छक्क पारिरहेका छन् ।

जापान र हिरोशिमा दुई पर्यायवाची शब्द जस्ता छन् । पुस्तकमा छापिएको चित्र हिरोशिमाको भग्नावशेष – (औद्योगिक प्रवर्द्धन भवन) जहां सर्व प्रथम एटम बम खसालिएको थियो त्यो मृत अस्थिपंजरको रूपमा आज सम्म विज्ञानको विभीषिका औंल्याउन ठडिरहेको छ । सॉच्चैनै जापानको वर्णन थोरै शब्दमा भएता पनि यथेष्ट अभिव्यक्त भएको छ । यौटा मुख्य कुरो के हो भने यस पुस्तकका लेखकले जापानी मन र जापानी मस्तिष्कको रामो सँग अध्ययन गर्न सकेका छन् ।

दोस्रो यात्रा वर्णन " पश्चिम जर्मनीमा बितेका दिनहरू " मा लेखकले आफ्नो भाषा विद्यालयको अन्तर राष्ट्रिय वातावरण बताएकाछन् । औद्योगिक विकासले सर्व सम्पन्न स्थान लिइरहेको पश्चिम जर्मनीको अत्याधुनिक राज्री जीवनको रोचक विवरण पनि यसै साथ छ । यस्तै मिष्टर एन्टामायरसँगको भेटघाट बडो सुन्दर ढंगले बयान गरिएको छ, जसबाट उद्यमी मानिसहरू को संसारमा अंग्रेजी भाषा नजानेर पनि कोही व्यक्ति लघुता भसमा पर्दैनन् भन्ने सूक्ष्म संकेत छ । हुन पनि अंग्रेजी भाषामा वर्तमान युरोपको सर्वोपरी (Lingua franca) रहेको पनि छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै "सियोलमा चार दिन" लेखकका अविस्मरणीय संस्मरणहरू हुन्। दक्षिण कोरियाको राजधानी सियोल आज द्रुततर गतिले विकसित हुँदै अगाडि बढिरहेको छ। यो यौटा प्राचिन बौद्ध देश थियो जहाँबाट छिमेकी जापानले बौद्ध धर्मको दीक्षा ग्रहण गर्न पाएको थियो। तर दोस्रो महायुद्ध पछि बारूदको गन्धबाट छुटकारा नपाउने देश भै यसको मानचित्रमा रातो धर्का कोरिएको छ।

"थाईल्याण्डलाई संझदा" भन्ने यात्रा वर्णनमा सुनै सुनको साँढे पाँच टनको विशाल बुद्ध मूर्तिको उल्लेख छ। बैंककका बाटाहरूमा निर्मित बुद्धका कलाहरू एवं बौद्ध भिक्षुहरूको बिहानी पखको ताँतीले साँच्चै हामीलाई छैठौं शताब्दीको वैशाली एवं बौद्ध परम्पराको दिग्दर्शन स्मरण गराउँछ तर बैंकक अब अति आधुनिक यौन जगतको केन्द्र पनि बनेर रहेको छ।

भ्रमण साहित्य पछि लेखकका अरू चिन्तन निबन्धहरू छन्– जसमध्ये एउटा "शिष्टाचार" शीर्षक पनि छ। शिष्ट मानवको मूल्यांकन यसको उदेश्य हो। शिष्टाचारको गहनाले विभूषित मानबले मानब जातिको उत्थान गराउँछ। अनि "संकल्प" अर्को लेख हो। यस संकल्पको चर्चा गर्दा बुद्धको सम्यक संकल्पको स्मरण हुन्छ। संकल्पले नै मानिसलाई प्रगतिको खुड्किलो पार गराउँछ। त्यस पछि व्यक्तित्वको विषयमा उनी भन्छन् Action speakes more loudly than words अर्थात कामले नै कुराले भन्दा बढी व्यक्तित्व दर्शाउँछ। संसारका सबै भन्द्रा बुद्धिमान व्यक्ति सुकरातले पनि यसै वाक्यलाई समर्थन गरेका थिए।

श्री राजकणिकार साहित्यिक एकांकी विधामा पनि देखा परेका छन्। "मिलनको रात" उनको यौटा एकांकी (Sketch) हो जसमा नव विवाहित दाम्पतीका संभाषित संवादहरू टिपिएका छन्। यस्तै, "अविवाहिता" अर्को एकांकीमा विवाह नगर्ने आडम्बरी केटीको भित्री मनशाय छर्लङ्ग पारेका छन्। मनोरञ्जनका लागि लेखिएको जस्तै भएता पनि उपरोक्त एकांकीहरूद्वारा आधुनिक युवक युवतीहरूको मनोवृत्तिमा मधुर व्यँग्य एवं सामयिक तथ्य चित्रण गरिएको छ।

अब, लेखकका दुई लघु कथाहरूमा पनि दृष्टि दिउं। "फुकाउँदा" घु कथाको उदेश्य समाजका विभिन्न चरित्रहरू प्रस्तुत गर्नु हो। भोज भत्यारको ढकोसलामा रहेका प्राणीहरू लाई हरिमान निरर्थक सम्झन्छ। अर्काको खोइरो खन्न उत्सुक हाम्रो समाज साँच्चैनै विचित्र छ। यसि फुकाउने प्रक्रियाका साथै नेपाली नारीहरूको संकीर्णताको व्याख्या गरिएको यो कथा मा मक छ।

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को कथा ' पूर्व र पश्चिम " मा राम बाबुको मनोविज्ञान छ। ससुरालीका पाएको मान मर्यादा संझदा उ आफ्ना घरका बूढापूढी वा आमा तथा दाज्यु भाउजूलाई समेत घृणा गर्न थारछ। राम बाबुको स्वास्नी रोजी अत्याधुनिक छिन्। उनी पूर्व कालीन मान्यताको विरोध गर्छिन्। उनी प्रतिष्ठित सुधारकी छोरी। फलतः राम बाबु आफ्नै दाज्यु भाउजिकालाई केही गर्दैनन्। त्यस्तै हास्यकालाई पनि भाइ बुहारीको अंग्रेजी नाच- गान देखि बालक लाग्छ। यसरी पूर्व र पश्चिमको विषमता र त्यसबाट हुने कटुता यस कथाको सारांश हो।

उपरोक्त सबै किसिमका साहित्यिक रचनाहरू पछि हामी आर्थिक पृष्ठभूमा पुग्छौं। उनका आर्थिक मामिला र समस्या सम्बन्धी लेखहरू ज्यादै नै सामयिक एवं सोचपूर्ण छन्। " आर्थिक विकासमा औद्योगिक पूँजीको भूमिका " मा उनले नेपालको अर्थ व्यवस्थाको लागि कसरी लगानी गरेर उँभो लाग्न सकिन्छ भन्ने उपायका तथ्यहरू स्पष्ट गरेका छन्। साथै " राष्ट्रिय अर्थ व्यवस्थामा साना तथा घरेलु उद्योगको भूमिका " मा यस्ता उद्योगको स्थापनाले नै समयानुकूल उन्नति हुने देखिन्छ भन्ने उनको भनाइमा हामी सहमत हुन पुग्छौं। नेपाल कृषि प्रधान देश हो। " नेपाल र कृषिजन्य उद्योग " मा नेपालमा कृषिजन्य उद्योगको विकास हुनु पर्छ भन्ने उनको तर्क ज्यादै सम्योचित देखिन्छ।

नेपालको भौगोलिक अवस्था ज्यादै विकट छ। तराईको अन्नपात पहाडमा लैजान सकिँदैन। यातायातको सुविधानै आजको लागि पहिलो अत्यावश्यकता भइरहेछ। त्रिभुवन राजपथ, अरनिको राजमार्ग, पूर्व पश्चिम राजमार्गलाई जोड्ने अनेक उत्तर दक्षिण राजमार्ग हुनु पर्ने स्थिति छ। अरू भन्दा पनि स्थल मार्गहरूको आवागमन सुविधामा नै देशको सर्वतोमुखी विकास संभव छ। यी भनाइहरू स्पष्ट पार्दै राजकर्णिकारले यातायातका सम्बन्धमा प्रस्तुत भुझावहरू पनि पेश गरेको लेख "देश विकासमा यातायातको महत्व " अति नै सामयिक देखिन्छ।

पुस्तकको अन्तिम लेख " राष्ट्रिय अर्थ व्यवस्था र पाउरोटी उद्योग " को आफ्नै विशेषता छ। आफू स्वयम् पनि उक्त उद्योगमा लागिरहेका राजकर्णिकार यस उद्योगको इतिहास प्रस्तुत गर्छन्। नेपालमानै पाउरोटीको सर्व प्रथम उत्पादन गरी नेपाली जनतालाई सर्व भन्दा पहिले पाउरोटीको स्वाद चखाउने व्यक्ति श्री कृष्ण बहादुर राजकर्णिकार उनकै पितामह थिए जसले वि० सं० २००५ सालमा सर्व प्रथमः पाउरोटी उद्योगको सुरुवात गरेका थिए। यही कृष्ण पाउरोटी भण्डार आज कृष्ण पाउरोटी

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा० लि० को नामले प्रख्यात छ।

अन्तमा, उद्योगरत एवं संवेदनशील लेखकको महत्व बुझ्न बुझाउन साधारण देखि विशिष्ट समाजका हर वर्गले यस पुस्तकको अध्ययन गर्नु अत्यावश्यक छ।

यथार्थमा हाबीलाई यस्तै सक्रिय चिन्तन र मननको आवश्यकता पनि छ। इत्यलम्।

२. पुस्तकको नाम : कोर्रा / कथाकार : मोहनराज शर्मा / प्रकाशक : साझा प्रकाशन, वराणसी / प्रथम संस्करण – २०४० / मूल्य रू. ७ / ५०

ध्रुव शर्मा

वर्तमान नेपाली साहित्यमा कथा लेख्नेहरू थुप्रै छन्। तर सजग सचेत कथाकार भने बहुतै कम छन्। मोहनराज शर्माले धेरै कथा लेख्नु भएको छैन। पत्र – पत्रिकामा पनि उहाँका कथा भन्दा अरू रचनाहरू बढी छापिन्छन्। कम कथा लेखे पनि जीवनका विसँगतिलाई उत्तार्न भने उहाँ पछि पर्नु भएको छैन। यिनै कुराको प्रमाण " कोर्रा " कथा संग्रह हो।

नेपाली साहित्यमा मोहनराज शर्मा धेरै किसिमले चिनिनु भएको छ। भाषाविद्, व्यंग्यकार, समालोचक, नाटककार, कलाकार – उहाँलाई जे भने पनि हुन्छ। उहाँका नाटकहरू विशेष चर्चित छन्। " जेमन्त " र " यमा " जस्ता विवादास्पद र प्रयोगात्मक नाटकहरू लेखेर उहाँले नाट्य जगतमा हलचल नै मच्चाइदिनु भएको छ। जे भए पनि निश्चत कुरा एउटै छ – उहाँ सिर्जनशील साहित्यकार हुनु हुन्छ।

मोहनराज शर्मा प्रयोग मन पराउनु हुन्छ। परम्पराबाट अलिकति पर हटेर केही नयाँ कुरा नेपाली साहित्यलाई दिने प्रयास उहाँमा जहिले पनि रहेको देखिन्छ। प्रयोगमा धेरै खतराहरू हुन्छन्, पुराना मूल्य र मान्यताहरू त्यसै भत्काउन सकिदैन। त्यसैले स्थापित हुन गाह्रो हुन्छ। यसमा अर्को कुरो पनि छ। त्यो हो– प्रयोगको लोभमा सिर्जनशील लेखक कहिलेकाहीं अल्मलिन्छ। वास्तविक जीवनको यथार्थ प्रस्तुत गर्न भन्दा प्रयोग पट्टि उसको मोह बढ्दै जान्छ र रचनाले जुन मूल्य बोक्नु पर्ने हो त्यो बोक्न सक्दैन। त्यसमाथि रचना संप्रेशणीय नभएर आयाँतीत बिचारको रास मात्र हुन जान्छ। मोहनराज शर्मा यस कुरामा काफी सजग हुनुहुन्छ। उहाँका कथाहरू संप्रेशणीय छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

दार्तविव दुख सुख, आशा – निराशालाई प्रस्तुत गर्न सक्षम छन् ।

"कोर्रा" २०१९ ०३१ का बीच उहाँले लेखेका कथाहरूको सँगालो को नाम हो । यो उहाँको दोश्रो र प्रतिनिधि कथा संग्रह हो । यसमा जम्मा एघारवोटा कथाहरू छन् । उहाँका कथाहरू बुझ्न गाह्रो छैन, सजिलो छ । आजका मानिसले भोग्नु परेका पीडा, बाँच्न का लागि गर्नु परेको संघर्ष, र समाजले दिएको यातना आदि सामान्य कुराहरूनै छन् कथामा । हामी जस्तै निम्न – मध्यम वर्गका कुरा छन् यहाँ । 'कोर्रा" पढ्नुस् या गिर्खा, या मायाजाल या इयालबुत्तिर केही फरक पर्दैन । उहाँका पात्रहरूले हामीले जस्तै केही न केही पीडा भोगिरहेका छन् । तिनीहरू छट्पटाएका छन् । तिनीहरू कुनै न कुनै मृतिका सँग्रमा छन् । हामीहरू भन्दा टाढा वा पाखा हरूता छैनन् तिनीहरू । ती कथाहरूले पाठकलाई अरू कुनै काल्पनिक संसारमा घुमाउँदैनन्, होमुँ धरि धुमाउँछन् । नयाँ मूल्यले अझै मान्यता नपाएको र पुरानो मूल्य अझै समाप्त नभएको विघटन को स्थितिका कथाहरू हुन् मोहनराज शर्माका कथाहरू ।

धेरै जसो कथाहरूमा उहाँले स्वैरकल्पनाको प्रयोग गर्नु भएको छ । स्वैर कल्पनाको प्रयोग गरेर कथा लेख्ने परम्परा नेपालीमा नयाँ नै हो । स्वैर कल्पनाको प्रयोग गरेर कथा लेख्नु धेरै गाह्रो हुन्छ । उचित ठाउँमा स्वैर कल्पनाको प्रयोग भएन भने कथाको स्वरूप नै भत्कन्छ, कथाले वास्तविकता बोकन सक्दैन र प्रभाव पनि दिन सक्दैन । परिणामस्वरुप कथा दुर्बल र दुर्बोध दुवै बन्न जान्छ । मोहनराज शर्माले स्वैर कल्पनाको प्रयोग गरेर लेखेका कथाहरूले वास्तविकता पस्कन सकेका छन् । स्वैर कल्पनाको प्रयोगले गर्दा कथाहरू झन प्रभावशाली बन्न गएका छन् । कोर्रा, गिर्खा र मायाजाल यसका प्रमाण हुन् । संक्षेपमा मोहनराज शर्माका कथाहरूमा ताजापन पाइन्छ । नेपाली साहित्यमा यी कथाहरूले अवश्य पनि नयाँ कुरा थपेका छन् । नेपाली पाठकका लागि खुसीको कुरा यही हुनेछ । कथाहरू रुचिकर, पठनयोग्य र मननयोग्य छन् । मूल्य चर्को छैन । छपाई ठिकै छ ।

मोहनराज शर्मा बधाईका पात्र हुनुहुन्छ । अरू यस्तै संग्रहको आशा गर्नु कुनै अपराध हुने छैन । अस्तु ।

।ॐ।

श्री ५ महाराजाधिराज सरकारको
शुभ जन्मोत्सवको उपलक्ष्यमा
मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको
मंगलमय शुभ कामना चढाउँछौं
राष्ट्रिय वाणिज्य बैंक

CC-0. In Public Domain. Digitization by eGangotri



" गरिमा " कार्यालय, जाउलाखेल २०४०।९।२५।२)

गोविन्द गिरी प्रेरणा : अब म पनि नाटक लेखन तर्फ लागें ! यौटा छाप्न पनि दिइसकें, यौटा भर्खरै सिध्याएको छु ।

मोहनराज शर्मा : त्यसो भए म अब नाटक लेखन छाडि दिनें भएँ । अब म उपन्यास लेख्छु ।

गोविन्द गिरी प्रेरणा : उपन्यास पनि लेखि राख्या छु । लेख्ने पनि छु ।

मोहनराज शर्मा : नाटक त चर्चितै भै सक्या भए पो ! यौटा उपन्यास त लेखि दिनु पर्छ वा ! छाड्नु परे पनि छाड्नेछा ।

।ज्ञ।

गोविन्द गिरी प्रेरणा : अभिव्यक्तिको पूर्णाङ्क ३८ मा सम्पादकले भक्तपुरका साहित्यकारहरूको दृष्टान्त दिएर लिनुँ मासिक सम्पादकीय लेख्नु भा रैछ हिजो नयाँ सडकमा दुवै भक्तपुरेहरू कुर्दै थिए ।

मोहनराज शर्मा : के लेख्या रै छ त्यस्तो र रिसाएका हुँ ?

मोहनराज शर्मा : (गोविन्द गिरी प्रेरणाले सम्पादकीय पढेर सुनाए पछि) त्यसो भए त फसाद पर्‍यो वा ! अब अभिव्यक्ति मास्त डराउनु पर्ने भो ।

विष्णु बिभु : डराउनु पर्दैन सर ! म सँग यौटा प्रति कपी छ – लिनुस् ।

मोहनराज शर्मा : (त्यो लिँदै) अब नगेन्द्रजीले दिए भनें पनि गमक्क फुलेर " किनेरै पढिसकें " भन्न पाइयो ।

।ज्ञ।

" सर्वनाम " डिल्ली बजार (२०४०।९।२६।३)

तुलसी दिवस : अशेष ! अब पाल्पा मै गर्नु पर्‍यो – बुझिस् ? बन्दोबस्त मिला ।

अशेष मल्ल : के काका पाल्पामा गर्ने ! गोष्ठी कि बिहे ?

।ज्ञ।

मुकेश मल्ल : हेर्नुस् हमालजी, तपाईले काठमाडौंमा हल्लिन न आउ भन्दा भन्दै पनि यहीं आएर हल्लिनु पर्‍यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

हेम हुमाल : ठिकै छ, स्यहाँ हल्लिँदै महल्लिनु भन्दा त यहीं आएर अलि अलि हल्लिनु जाति नै छ नि, हैन र ?

मुकेश मल्ल : हुमाल जी त "अनकनसश" भा, बेलाँ बडो कनसश फुरा पो गर्नु हुँदो रहेछ वा !

नगेन्द्रराज शर्मा : ओहो भागीरथी जी ! कताबाट आउनु भो यस बेला ?

भागीरथी श्रेष्ठ : हेर्नुस् न, मेरा श्रीमान् बेपत्ता हुनु भयो – बायाबरजी लाई थाहा छ कि भनेर सोध्न आएकी ।

तुलसी दिवस : नगेन्द्र जी ! भलाई अडेस लागेर बस्न मलाग्यो - तपाई को ठाउँ दिनुस् न ।

नगेन्द्रराज शर्मा : यो ठाउँ त दिनुस् केही छैन तर यारी मेरा सबै ठाउँहरू ओगटने विचार चाहिं नगर्नुस् नि ।

अशेष मल्ल : अलिकति (खस्की) राखुँ ?

हेम हुमाल : पुग्यो, पुग्यो । म अहिल्यै टेन्सलेस हुन चाहन्न ।

तुलसी दिवस : अँ, वरु सबै " लेस सेन्स " नै रहन चाहन्छु हैन – ?

तुलसी दिवस : ध्रुव यति बेला सम्म पनि आएन, अब उसको भाग नराखे पनि हुन्छ – खाइदिऊँ ।

नगेन्द्रराज शर्मा : सबको भाग खान सकिन्छ तर भवानी घिमिरे अथवा ध्रुव चन्द्र गौतमको भाग चाहिं खान हामी सबैले मिलेर पनि सकिदैन वा ।

ध्रुव चन्द्र गौतम : (टुप्लुक्क आइपुग्दै) हो हाम्रो भाग खान त सक्नु हुन्न होला तर पिउन चाहिं त कोही भन्दा कोही कम हुनु हुन्न कसो हो ?

विष्णु बिभु घिमिरे : अभिव्यक्ति का स्तम्भहरू रामो सँग अध्ययन गर्ने हो भने सबै साहित्यिकारहरूको चरित्र थाहा हुन्छ ।

अशेष मल्ल : थाह हुन्छ – भवानीजी धेरै खानु हुन्छ, ध्रुवजी धेरै पिउनु हुन्छ अनि तपाईहरू (दिवस र बिभुलाई) को अझै बिहे भाको छैन भन्ने पनि थाह हुन्छ ।

तुलसी दिवस : अनि तेरो चाहिं यसैपालि बिहे गरिहाल्ने इच्छा त छ तर केटी नै भेट्टाउन सक्या छैनस् भन्ने पनि त सबैलाईथाह हुन्छ नि ।

CC-0. In Public Domain. Digitization by eGangotri

अशेष मल्ल : बरबाद भो । आज खाएको (पिएको) सबैले थाह पाउनै भो ।

विष्णु विभु घिमिरे : के भो त ? यस्तो मीठो खाले खादो रहेछ भने पनि त थाह पाउने भो नि ।

।ᔓ।

वि० तथा प्र० अ० संस्थान, कीर्तिपुर (२०४०।९।)

ध्रुव सापकोटा : थाह पाउनु भो नगेन्द्र जी ! डा. राकेश पनि पत्रिका निकाल्दै हुनुहुन्छ नि ।

नगेन्द्रराज शर्मा : खोइ मलाई त राकेशजीले भन्नै भन्नु भएको छैन ।

डा. रामदयाल राकेश : हो, भैले शैलेन्द्र साकलाई भनिदिएँ छु – वहाँलाई भनेपछि कुनै पनि कुरा अल कनैलाई भनिरहनु आवश्यक पर्दैन भनेर कसैलाई पनि नभनेको ।

।ᔓ।

'रामलालको आकाश'को विमोचन समारोह, भक्तपुर (२०४०।९।२७।४)

शिव सत्याल पीठ : क्या हो, तपाईको ज्याकेटमा त Play boy पो लेख्या छ नि ! साच्चै त खतरा हुनु हुन्छ कि के हो !

गोपाल पराजुली : यो ज्याकेट पहिलेको हो, अबेल डराउनु पर्दैन ।

।ᔓ।

व्यथित : (उद्घोशक माथवरसिंहले कवि केदारमान व्यथितलाई मञ्चमा आउनु हुन अनुरोध गरेपछि) म यहीं बसेर हेर्छु ।

मोहनराज शर्मा : मञ्चबाट झन रामो संग देखिन्छ, किन डराउनु हुन्छ ?

व्यथित : (मञ्चमा जाँदै) हो त ? त्यसो भए जान्छु त ।

।ᔓ।

परशु प्रधान : (सभामा बोल्दै) कथाकार हरि अधिकारी साथी भाइलाई खुवाउन भनेपछि निक्कै खर्च गर्दछन् भन्ने मेरो अनुभव छ ।

केदारमान व्यथित : खै हामीले त अझ सम्म त्यस्तो कुनै अनुभव गर्न पाएका छैनौ हे ।

।ᔓ।

परशु प्रधान : (भाषण गर्दै) हरि अधिकारीको यो पुस्तक त निक्कै रामो छ तर वहाँको अलि बडी घमण्ड गर्ने बानी छ – त्यो त तपाईहरू सबैलाई पनि थाहै छ तर एउटा कुरा के भने वाहाँ संसार भरिको सूचना संकलन गर्नमा नामी हुनु हुन्छ । त्यसैले मैले वहाँलाई सूचना विभागमा तानेको हुँ ।

।ᔓ।

CC-0. In Public Domain. Digitization by eGangotri

हरि अधिकारी : कोठा साँगुरो छ तपाईहरू दुई दुई लाइनमा बस्नोस है ।

मोहनराज शर्मा : किन ? थ्री लाइन्स को बन्दोबस्त हुन सक्दैन र ?

।〰।

किशोर नेपाल : (दौरा सुरुवालमा देखेर) क्या हो आज तँ ता बेहुला जस्तो देखिन्छस् नि ।

अशेष मल्ल : दौरा सुरुवाल लाउँदैमा बेहुला हुने हो भने मोहन दाइ त सधैं बेहुला नै हुनुहुन्छ त ?

ध्रुवचन्द्र गौतम : मोहन जी चैं बेहुलाको पिताजी ।

मोहन कोइराला : हैं हैं हैं ।

।〰।

माधवर सिंह : (कार्यक्रम शुरु भएको बीस पच्चिस मिनेट जति बिति – सकेपछि) ओहो मैले त बिहेको हतपतमा केटी माग्नै बिर्स्यो भने झैं आजका कथाकार हरिजी लाई मञ्चमा बोलाउन नै बिर्सें छु था ... ।

।〰।

माधवर सिंह : अब कार्यक्रमको अन्त्यमा कवि व्यथितलाई हरि अधिकारी को कथाका बारेमा दुई शब्द बोलिदिनुहुन अनुरोध गर्दछु ।

केदारमान व्यथित : (पक्क पर्दै) लौ मारेन अब ! मलाई त हरिजीका कथाका बारेमा केही थाहै छैन – के बोल्ने ?

।〰।

मोहनराज शर्मा : (कार्यक्रम सकिए पछि) मैले त नेपालमा रामलाल गोल्छा मात्रै छ भन्ने ठानेको त " रामलालको अकाश " पनि रहेछ बा . ।

सबै : हा .. हा हा हा ।

।〰।

खानीखोलातिर, काठमाडौंबाट पोखरा तर्फ गइरहेको बसमा (०४०।९।२७)

रामबिक्रम सिजापति : (एक्सप्रेस बस लोकल झैं सुस्तरी हिंडिरहेको ले) यतिबेला ऋग्वेदको मन्त्र जानेको भए पुष्पक बिमान मगाउनु हुन्थ्यो ।

विष्णु बिभु घिमिरे : मगाउन त मगाउने, तर चलाउने चैं कसले नि ?

डाईभर : हैं हैं हैं ।

।〰।

भागीरथी श्रेष्ठ : सधैं त बस भित्र बस्ने बित्तिकै झपक्क निद्रा लाग्थ्यो, आज भने आँखा झिमिक्क सम्म गरेको छैन ।

रमेश तूफान : आज आँखा झिमिक्क पनि नगर्नुस् । तपाईको छेउमा बस्ने ध्रुवमधिकर्मी, अशेष मल्ल, दिब्य गिरी, रत्न कोजुहरू कहिले तपाई

CC-0. In Public Domain. Digitization by eGangotri

निदाउनु होला र ब्याग खोलेर पैसा उडाउँला भने दाउमा छस् ।

।।

बिजय बजिमयको निवासस्थान, पोखरा (२०४० । ९ । ३०)

बिजय बजिमय : (बिजय मल्ल, हेमन्त श्रेष्ठ, अच्युत अधिकारी, दैवज्ञ न्यौपाने र भीम खरेल पोखरामा राती अबेर आई पुगेर बजिमयको घरमा सुते । बिहान सबै त उठे तर बिजय मल्ल र हेमन्त श्रेष्ठ चाहिं आठ बजेसम्म न उठेको देखेर) एकेडेमीवाट आएका दुई जना किन अझै उठेका छैनन् नि ?

भीम खरेल : एकेडेमीका हरूको जहिले र जे कामका पनि यस्तै हो । यस्तै लेट सधैं लेट ।

।।

विश्व शाक्यको निवासस्थान, पोखरा (२०४० । ९ । ३०)

बिश्व शाक्य : (खाना खान आफ्नो कोठामा भेला भएका सबै साहित्यकारहरू लाई फोटोको रिलको बट्टा देखाउँदै) म त ईः फोटो ग्राफर । आफू संग भएको सामान को नै उपयोग गर्छु । तपाई चुरोट खानेहरूले यसैलाई आयश ट्रे बनाउनु होला ।

बिजय बजिमय : अब खाना खवाउँदा पनि आफूसंग भएको यस्तै बट्टाको उपयोग गर्छु भनेर त्यसैमा भात राखेर दिनु होला नि ।

।।

पृथ्वीनारायण क्याम्पस, पोखरा (२०४० । ९ । ३०)

सीताराम शाही : (उद्‌घोषकले कविता पाठ गर्न मञ्चमा बोलाए पछि मञ्चमा गएर कविता निकाल्दै) म सीताराम शाही होइन, मेरो नाम चित्रबलीराम शाही हो ।

बिश्वबिमोहन श्रेष्ठ : तपाईको नाम होइन भने किन दगुर्दै मञ्चमा पुग्नु भो त ?

।।

हरिहर श्यामल : (कविता सुनाएर आएपछि टाउको समाउँदै) कस्तो टाउको दुखेको होला !

बिश्वबिमोहन : तिम्रो कविताले तिम्रै कपाल त त्यस्तो बिधि दुख्यो भने हामीहरूको झन् कति दुखेको होला नि !

।।

CC-0. In Public Domain. Digitization by eGangotri

अशेष मल्ल : (नेपालगंजबाट आएका कवि दिनेश त्रिपाठी लामो कविता सुनाउँदै थिए) कत्ति लामो कविता ?

सनत रेग्मी : लामो भन्नु हुन्छ ? यो कविता लेखेर आज रातभरि मलाई सुत्न दिएको छैन । धन्य कलममा मसी सकिए छ र आधा मै लेख्न बन्द गऱ्यो नत्र ता ।

तीन घण्टा देखि चढिरहेको गोष्ठीमा गोबिन्द गिरी प्रेरणा कविता पढ्न थिए " भोकको युद्ध छ ... । "

यो सुने बित्तिकै श्रोताहरुले जोडले ताली पिटे ।

किशोर पहाडी : सब भोलाएका रहेछन् तीन बजिसक्यो चियाको नामै छैन ... ।

अशेष मल्ल : (हरिहर अधिकारी पान चपाउँदै मुखभरि रातो लतपत्याएर आएको देखेर) क्या हो ? पान खान पनि जान्या छैन कि क्या हो ?

भागीरथी श्रेष्ठ : स्वत्ति पनि थाहा छैन ? हरिहरलाई लिपष्टिक साह्रै मन पर्छ ।

सन राइज होटेल, पोखरा (२०४० । ९ । ३०)

रमेश गोर्खाली : (गीत, हाँस्य आदिको कार्यक्रममा पद्मावती सिंहको गीत सुनें पछि) म पनि गीत गाउँछु ।

रमेश गोर्खाली : (तबैले ताली पिटे । गोर्खाली मस्त भएर गीत गाउन थाले । उनको ताल न सुरको गीत सुनेर सबै हाँसेको देखेर) ल ! किन ? हाँसेको ! बीरगंजमा मेरो गीतलाई केटीहरू क्या फर्माइस् गर्छन् - तपाईंहरू भन्ने ।

सबै : हा हा हा ।

विष्णु विभु घिमिरे : (कवि गोष्ठीमा खिचिएको आफ्नो फोटो हेरेर खिन्न हुँदै) कस्तो खत्तम फोटो खिचेछ ... ।

गगन बिरही : अनुहार रामो भए पो रामो आउँछ । यति पनि धन्न आएछ । तेरै अनुहार जस्तै हुबहू आएको भए देख्तेथिस् ... ।

बानीरा गिरीको निवास स्थान, पोखरा (२०४० । १० । ३०)

बानीरा गिरि : तपाईंहरुलाई म चिया खाउँछु है ।

CC-0. In Public Domain. Digitization by eGangotri

मदनमणि दीक्षित : चया मात्रै ?

बानिरा गिरि : अरू त खाउँदिन बा ! यो लेखक कवि भने पछि म त काबु छु अस्ति म जहाँदा विनोद दीक्षितहरू घरमा आएछन् ६ महिनाको लागि बनाएको अचारहरू सप्पै स्वाहा ।

।।ज्ञ।

सन राइज होटेल, पोखरा (२०४०।१०।१)

मदनमणि दीक्षित : (बिहान ८ बजे सर्वनामले देखाउने सडक नाटक हेर्न होटलबाट सबै लेखक कविहरू बाहिर निस्के। तर विजय मल्ल चाहिं नमानेको देखेर) मूल मान्छे नै नगए अशेष को नाटक कसरी होला ?

विजय मल्ल : मैले यो नाटक काठमाडौंमै हेरिसकेको छु।

किशोर पहाडी : त्यो ठूलो मान्छे भएर पनि कस्तो ढाँट्न सकेको होला !

।।ज्ञ।

रमेश तूफान

चार साहित्यकार : एक कविता

केदार मान व्यथित

समयको क्षेत्रफल भित्र
मात्र नारा लोकल्नु
आवश्यकता भनेको लागि, खालिपेट
साहित्य – राजनीति
राजनीति – साहित्य
एउटा विवादास्पद व्यक्तित्व
कवि केदार मान व्यथित

।।ज्ञ।

ईश्वर बराल

अभिमान
इतिहासमा डाक्टर
स्वाभिमान
साहित्य का कम्पाउन्डर
उहाँ हुनुहुन्छ
डा० ईश्वर बराल

।।ज्ञ।

मोहन कोइराला

एकोहोरो मनस्थिति भित्र
आफू रमाउनु – स्वान्त सुखाय
केही विश्वास पर्खेर
कलम संगको साउतीमा व्यस्तता
मोहन कोइराला

।।ज्ञ।

पारिजात

"शिरीष को फूल" / "अनिदो पहाड"
एउटै मान्छे भित्रको दुई अस्तित्व
वर्तमान भित्र अतित रुन्छ
अतित भित्र वर्तमान
उत्पिडनको जीन्दगी हो
पारिजात

।।ज्ञ।

225 डा. किल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

अल्ल पो था भो

कुरा २०३८ को दशैं ताकाको हो। फुलपाती को साँझ आ–आपना घर जान विष्णु विभु घिमिरे, अशेष मल्ल, रमण, किशोर, सोमनाथ र अर्जुन काठमाडौं को बसपार्कमा भेला भएका थिए। जम्मा सात वटा टिकट काटेका मा एक जना कवि साथी चाहिं अझै आइ पुगेका थिएनन्। बस छुट्ने बेला भइसक्दा पनि ती साथी नआइ पुगेको ले यिनीहरू अत्तालिइ रहेका थिए। तर समय भयो। बस स्टार्ट पनि भयो तैपनि ती कविजी आइ पुगेनन्। साथी छुटेको मा यिनीहरू सबै धेरै खिन्न थिए।

अनि इटहरी पुगेपछि अशेष धरानतिर लागे – अरुहरू चाहिं काकर भिट्टातिर। धरानबाट धनकुट्टा जाने गाडीमा चड्दा त अशेष तीन छक। किन भने हिजो बेलुकी काठमाडौंमा छुटेका ती कवि साथी त धनकुट्टा जाने गाडीमा आनन्द सँग आफ्ना दाज्ही मुसार्दै शानसँग वसिरहेका। उनले बताए अनुसार हिजो साँझ उनी बसपार्क पुग्दा बस हिंडिसकेको रहेछ तर संयोगले अर्को बस भेटिएछ र त्यसमा आएका रहेछन्।

बेलाबेलामा पछि सम्म पनि ती साथी अशेषहरूलाई,– "तिमीहरूले मेरो टिकट फिर्ता गर्यौ होला – ल्यावो मेरो पैसा।" भनेर टट्टा गरे जस्तो गरी भन्ने गर्दै थिए र अशेषहरू पनि, "कहाँ पैसा फिर्ता दियो र?" भनेर टार्थे। तर पनि साथी ले एउटै यात्राका लागि दुई पटक भाडा तिर्नु परेकोमा बेमज्जानै मानिरहेका थिए।

यस घटनाको ठिक एक वर्ष पछि अर्थात् २०३९ सालको दशैंमा त्यसरी नै आ – आफ्नो घर जान उनै छ जनाले उही ठाउँमा गएर टिकट काटे छन्। टिकट बेच्ने मानिस पनि उही पोहर साल टिकट बेच्ने नै रहेछन्। गत: सालको घटना संझिदै उनले भने, – "यसपालि त्यो दाज्हीवाला को चाहिं टिकट नकाट्ने?" अनि तिनै व्यक्तिबाट अशेषहरूलाई बल्ल पो थाह भो कि पोहर साल गाडी छुटाउने कवि तुलसी दिवस "टाक टुक" गरेर दोश्रो बसमा निःशुल्क नै गएका रहेछन् – डबल भाडा तिरेका रहेछन्।

अनि कवि तुलसी दिवसलाई चाहिं यिनै पङ्क्तिहरू पढेपछि मात्र पो था हुनेछ कि उनको टिकटको पैसा फिर्ता लिएर अशेषहरूले बाटा भरिको खाना तथा पान, बिडी, सिगरेट आदिको खर्च टारेका थिए।

।।।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज सरकारको

३९ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा

मौसूफ सरकारको सुस्वास्थ्य, समृद्धि

तथा दीर्घायुको निमित्त भक्तिपूर्वक

हार्दिक शुभ कामना टक्र्याउँदछौं

नेपाल बैंक लिमिटेड

प्रधान कार्यालय

ग्राम : नेपालक्ष्मी

काठमाडौं।

श्री ५ महाराजाधिराज सरकारको

३९ औं शुभ-ज-मोत्सवको उपलक्ष्यमा

मौसूफ सरकारको सुस्वास्थ्य, समृद्धि

तथा दीर्घायुको निमित्त भक्तिपूर्वक

हार्दिक शुभ कामना

चढाउछौं ।

सेक्यूरिटी खरीद बिक्री केन्द्र लि.

परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
सरकारको ३९ औं शुभ जन्मोत्सवको पूनित
उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य
एवं दीर्घायुका निमित्त शुभ - कामना
चढाउछौं
कृषि विकास बैंक
परिवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
शुभोपलक्ष्यमा
मौसूफ सरकारमा सुस्वास्थ्य, ऐश्वर्य, दीर्घायु तथा
अविरल सुयश वृद्धिका लागि
परमेश्वरमा हार्दिक
प्रार्थना गर्दछौं
नेशनल ट्रेडिंग लिमिटेड
केन्द्रीय कार्यालय, टेकू, काठमाडौं.
फोन नं० :- २ - ११९६२ / २ - १२९२४ / २ - १२९२५ / २ - १२८२९
/ २ - १४३०५ / २ - १२९९३

श्री ५ महाराजाधिराज सरकारक
३९ औं शुभ - जन्मोत्सवको पूनित
उपलक्ष्यमा मौसूफ सरकारमा
हार्दिक
शुभ - कामना चढाउछौं
चरेलु शिल्प कला बिक्री भण्डार
परिवार

श्री ५ महाराजाधिराज सरकारको
३९ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा
भक्ति पूर्वक शुभ कामना चढाउँछौं ।
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि०, नेपाल वनस्पति घिउ उद्योग लि०,
साबुन उद्योग (प्रा०) लि०, लुम्बिनी सलाई उद्योग (प्रा०) लि०
तथा नारायणी बरफ उद्योग (प्रा०) लि०

CC-0. In Public Domain. Digitization by eGangotri

तृष्णा तृष्णा !! ष्णा !!!

शुद्ध सफा र स्वादिलो

खसीको मोमो, चाउचाउ, थुक्पा आदि आदि

तथा विभिन्न अन्य परिकारहरू को

परीक्षा प्रार्थनीय छ

' तृ ष्णा रे ष्ट्राँ '

मैतीदेवी, घट्टेकुलो

श्री ५ महाराजाधिराज सरकारको

३९ औं शुभ-जन्मोत्सवको शुभ उपलक्ष्यमा

मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको

मंगलमय शुभ कामना चढाउछौं

नेपाल यातायात संस्थान

परिवार

फोन नं० २१२९७२, २१३००२, २१४७०७

श्री ५ महाराजाधिराज सरकारको

३९ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा

मौसूफ सरकार प्रति हार्दिक मंगलमय

शुभ कामना अर्पण गर्दछौं ।

नेपाल औद्योगिक विकास कर्पोरेशन

परिवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

सरकारको ३८ औं शुभ जन्मोत्सवको पूर्णिमा

उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य

एवं दीर्घायुका निम्ति शुभ - कामना

चढाउछौं

अन्न पूर्ण स्टोर्स

शुक्र पथ, काठमाडौं / फोन नं० २ - १२२२८

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज सरकारको
शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा
मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको लागि
मंगलमय शुभ कामना चढाउछौं
श्री रत्न रेकर्डिंग संस्थान

परिवार

श्री ५ महाराजाधिराज सरकारको
शुभ जन्मोत्सवको उपलक्ष्यमा
मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायु का लागि
मंगलमय शुभ कामना चढाउछौं
हिमाल सिमेण्ट कंपनी (प्रा०) लि०

परिवार

श्री ५ महाराजाधिराज सरकारको

३९ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा

मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको

मंगलमय शुभ कामना चढाउछौं

शाही नेपाल वायु सेवा निगम

कान्तिपथ

फोन नं० २१४५११

CC-0. In Public Domain. Digitization by eGangotri

"जनसंख्या र
राष्ट्रिय उत्पादनमा
संतुलन [illegible] नभएमा
राष्ट्रिय र अन्तरराष्ट्रिय
शान्तिमा पनि
खलल पर्न जाने
संभावना हुन्छ।"

— श्री ५ वीरेन्द्र

थोरै भए ठिक धेरै भए दिक्क
साना र सुखी परिवारको लागि
परिवार नियोजन गर्नुहोस् ।

नजिकको स्वास्थ्य केन्द्रमा आजै सम्पर्क राख्नुहोस् ।

सौजन्य :- सूचना विभाग

श्री ५ महाराजाधिराज सरकारको
३९ औं शुभ जन्मोत्सवको मंगलमय शुभ अवसरमा
भक्तिपूर्वक
मौसूफ सरकारको सुस्वास्थ्य, समृद्धि
एवम् दीर्घायुको हार्दिक कामना गर्दछौं ।
महेन्द्र सुगर मिल्स् एण्ड जनरल इण्डस्ट्रीज
परिवार, भैरहवा

श्री ५ महाराजाधिराज बीरेन्द्र वीर बिक्रम शाहदेव को
शुभ जन्मोत्सवको शुभोपलक्ष्यमा
मौसूफ सरकारमा सुस्वास्थ्य, ऐश्वर्य, दीर्घायु तथा
अविरल सुयश वृद्धिको लागि
परमेश्वरमा हार्दिक प्रार्थना गर्दछौं ।
जनकपुर नगर पञ्चायत परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ नेपाल राजाधिराज सरकारको
३९ औं शुभ - जन्मोत्सवको पूर्नित
उपलक्ष्यमा नौसूफ सरकारमा
हार्दिक
शुभ - कामना चढाउछौं

घरेलु तथा पूर्णिण विकास परियोजना

परिवार

तीन नयाँ कृति

सम्पादित

१) मनोविश्लेषणात्मक समालोचना (उपन्यास खण्ड)

— डा० मुरारी प्रसाद रेग्मी

यस कृतिमा परेका धेरै जसो प्रसिद्ध नेपाली उपन्यासहरुका समालोचनात्मक लेखहरुबाट ती उपन्यासका आधारभूत सत्य र मनोवैज्ञानिक कथ्य बुझ्न सहायक हुनेछ । मूल्य रु० १९।९५

२) विचार र व्याख्या — प्रा० केशव प्रसाद उपाध्याय

नेपाली साहित्यकारको सिर्जना र प्रतिबद्धता जस्तो महत्वपूर्ण बाँदामा अध्ययन - चिन्तन भएको प्रस्तुत संग्रहले निश्चय पनि धेरैलाई सघाउ पुर्याउने छ । मूल्य रु० २९।०५

कथा संग्रह

३) तरल कथाहरु — शरद क्षेत्री

छिटो, छरितो, मार्मिक र रोचकता सहित व्यंग्य मिसिएको शैलीमा मीठो काउकुती र एक छाको सर्व दिने यसका कथाहरुले कथामा मुक्तकले जस्तै आनन्द दिन्छन् । मूल्य रु० ८।४०

साझा प्रकाशन

काठमाडौं

फोन नं० ५२१११८, ५२११३२, ५२१०२३

मुद्रक : पूर्ण प्रिन्टिंग प्रेस, लगन त : बहाल / प्रकाशक नगेन्द्रराज शर्मा

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज सरकारको

शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा

मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको लागि

मंगलमय शुभ कामना चढ़ाउछौं

आयल निगम लिमिटेड

परिवार

बबर महल

श्री ५ महाराजाधिराज सरकारको

शुभ जन्मोत्सवको उपलक्ष्यमा

मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायु का लागि

मंगलमय शुभ कामना चढाउछौं

जनकपुर चुरोट कारखाना लिमिटेड

परिवार

श्री ५ महाराजाधिराज सरकारको

शुभ जन्मोत्सवको उपलक्ष्यमा

मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको

मंगलमय शुभ कामना चढाउछौं

बिशाल बजार कम्पनि

बिशाल बजार

काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

फोन नं. १३८०५

नेमो पार्केट कं. (प्रा.) लि.

२४/४५ लाजिम्पाट काठमाडौं

एशिया भरमा सर्व प्रथम उत्पादित नेमो पार्केट फ्लोरिङ्ग (बुट्टेदार काठ) प्राकृतिक सौन्दर्य, आकर्षक टलक, आधुनिकता र टिकाउपनकालागि अद्वितीय छ । साथै, यसको प्रतिष्ठा बिदेशमा पनि बढ्दै गएकोले आफ्नो घर, रेष्ट्राँ पुस्तकालय, आदिमा 'नेमो पार्केट' ओच्छ्याउन हामीलाई सम्झनुहोस् ।

कारखाना

हेटौंडा औद्योगिक क्षत्र

हेटौंडा ।

कृष्ण पाउरोटी (प्रा०) लि०

को

सफा स्वच्छ र स्वादिलो

ताजा स्वादिष्ट र पोसिलो

केक, पफ, बर्थडे केक, वेडिंग केक, डोनट,

किम रोल, पेष्ट्रीज, फ्रेन्च ब्रेड, बन आदि आदि

सबै ठाउँमा पाइन्छन

कृष्ण पाउरोटी (प्रा.) लि.

कमल पोखरी, काठमाडौं ।